# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक १६३ | काठमाडौं | सोमबार, २४ असोज २०७९ | Prabhab National Daily, | Monday, October 10, 2022 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५ ।-


## पार्टीबाट टिकट नपाएपछि स्वतन्त्र उम्मेदवारी



■ प्रभाव संवाददाता

**काठमाडौं–** आगामी मंसिर ४ गते हुने प्रतिनिधि तथा प्रदेशसभा निर्वाचनमा पार्टीबाट उम्मेदवारको टिकट नपाएका नेताहरूले स्वतन्त्र उम्मेदवारी दिएका छन् । पार्टीले टिकट नदिएपछि उनीहरूले यसअघि उठेकै निर्वाचन क्षेत्रबाट उम्मेदवारी मनोनयन गराएका हुन् । निर्वाचन आयोगले तय गरेको निर्वाचन कार्यतालिका अनुसार आइतबार पहिलो हुने निर्वाचित हुने निर्वाचन (प्रत्यक्ष)प्रणालीतर्फको मनोनयन दर्ता गरिएको हो ।

> पार्टी परित्याग गरेका नेकपा एमालेका निवर्तमान उपमहासचिव घनश्याम भुसालले रूपन्देही-१ बाट स्वतन्त्र उम्मेदवारी दर्ता गराएका छन् । एमालेले भुसाललाई टिकट नदिएपछि शनिबार पार्टी छाडेको घोषणा गरेका थिए ।

पार्टी परित्याग गरेका नेकपा एमालेका निवर्तमान उपमहासचिव घनश्याम भुसालले रूपन्देही क्षेत्र नं १ बाट स्वतन्त्र उम्मेदवारी दर्ता गराएका छन् । एमालेले भुसाललाई टिकट नदिएपछि शनिबार पार्टी छाडेको घोषणा गरेका थिए । एमालेकै निवर्तमान सांसद रामवीर मानन्धरले काठमाडौं क्षेत्र नं ७ बाट स्वतन्त्र उम्मेदवारी दर्ता गराएका छन् । पार्टीले टिकट नदिएपछि मानन्धरले स्वतन्त्र उम्मेदवारी दिएका हुन् ।

एमालेका नेता प्रभु साहले रौतहट क्षेत्र नं ३ बाट स्वतन्त्र उम्मेदवारी दिएका छन् । साहले पार्टीबाट टिकट पाए पनि माओवादी केन्द्रबाट एमालेमा प्रवेश गरेका अन्य नेतालाई टिकट नदिइएको भन्दै एमालेको टिकट छाडेर स्वतन्त्र उम्मेदवारी दिएका हुन् ।

नेपाली कांग्रेसका नेता दिनेश कोइरालाले पार्टीले टिकट नदिएपछि चितवन क्षेत्र नं ३ बाट स्वतन्त्र उम्मेदवारी दर्ता गराएका छन् । नेता गोविन्दराज जोशीले तनहुँ क्षेत्र नं १ बाट स्वतन्त्र उम्मेदवारी दर्ता गराएका छन् । नेपाली कांग्रेसबाट कारबाहीमा परेका जोशी स्वतन्त्र उम्मेदवार बनेका हुन् । कांग्रेसका नेता अमरेशकुमार सिंहले टिकट नपाएपछि स्वतन्त्र उम्मेदवारी दिएका छन् ।

निर्वाचनमा पार्टीले टिकट नदिएपछि कतिपय नेता पार्टी परित्याग गरी अर्को पार्टीमा लागेका छन् भने केहीले स्वतन्त्र उम्मेदवारी दिएका छन् । नेताहरूले विगतमा उठेकै निर्वाचन क्षेत्रमा स्वतन्त्र उम्मेदवारी दिएका हुन् ।

काठमाडौंमा क्षेत्र नं ३ मा कांग्रेसका (बाँकी पृष्ठ २ मा)

# प्रतिनिधिसभामा २५ सय उम्मेदवार

■ प्रधानमन्त्रीसहित १६ मन्त्री चुनावी मैदानमा ■ महिला र दलितलाई उपेक्षा

■ प्रभाव संवाददाता

**काठमाडौं–** आइतबार देशभर प्रदेश तथा प्रतिनिधिसभाका लागि मनोनयन दर्ता भएको छ । आगामी मंसिर ४ गते हुने निर्वाचनका लागि निर्वाचन आयोगले तय गरेको निर्वाचन कार्यतालिका अनुसार आइतबार मनोनयन दर्ता भएको हो । आयोगका अनुसार प्रतिनिधिसभा सदस्यका लागि दुई हजार ४७३ जनाले उम्मेदवारी दर्ता गराएका छन् । आयोगले आइतबार राति १० बजेसम्म सूचना प्रणालीमा प्रविष्ट भएका आधारमा यो तथ्यांक सार्वजनिक गरेको हो ।

'आयोगको सूचना प्रणालीमा प्रविष्ट भएका आधारमा प्रतिनिधिसभा अन्तर्गत देशभर दुई हजार २४२ पुरुष र २३१ महिला गरी कूल दुई हजार ४७३ उम्मेदवारले आफ्नो उम्मेदवारी दर्ता गर्नुभएको छ । प्रदेशसभातर्फ तीन हजार ९९ पुरुष, २९३ महिला र एक अन्य गरी तीन हजार ३९३ जनाको उम्मेदवारी दर्ता भएको छ,' आयोगले भनेको छ ।

प्रदेश १ मा ४४५ पुरुष र ४९ महिला गरी ४९४, मधेस प्रदेशमा ७११ पुरुष, ५५ महिला र एक अन्य गरी ७६७, बागमती प्रदेशमा ५६१ पुरुष र ७४ महिला गरी ६३५, गण्डकी प्रदेशमा १९९ पुरुष, २९ महिला गरी २२८ जनाको उम्मेदवारी परेको छ ।

लुम्बिनी प्रदेशमा ४१४ पुरुष र २३ महिला गरी ४३७, कर्णाली प्रदेशमा ७९ पुरुष, दुई महिला गरी ८१ र सुदूरपश्चिम प्रदेशमा १९१ पुरुष र १२ महिला गरी २०३ उम्मेदवारले प्रदेशसभा सदस्यका लागि उम्मेदवारी दर्ता गरेको आयोगले जनाएको छ । दर्ता भएका उम्मेदवाहरूको सूची आइतबार नै सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयले प्रकाशन गरिसकेको छ ।

आयोगका अनुसार आज सोमबार बिहान १० बजेदेखि दिउँसो ३ बजेसम्म मनोनयन दर्ता भएका कुनै पनि उम्मेदवारविरुद्ध सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा उजुरी दिन सकिने कार्यक्रम रहेको आयोगले जनाएको छ । आयोगका अनुसार आज दिउँसो ३ बजेदेखि भोलि साँझ ५ बजेसम्म मनोयनपत्र र उजुरीउपर जाँचबुझ गरी निर्णय गरिनेछ । यस्तै, भोलि मंगलबार साँझ ५ देखि ७ बजेसम्म उम्मेदवारको नामावली प्रकाशन गर्ने, २६ गते बिहान १० बजेदेखि दिउँसो १ बजेसम्म उम्मेदवारको नाम फिर्ता लिने समय निर्धारण गरिएको छ ।

यही असोज २६ गते दिउँसो १ बजेदेखि ३ बजेसम्म उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरिनेछ भने सोही दिन दिउँसो ४ बजेदेखि साँझ ७ बजेसम्म उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गरिने आयोगले जनाएको छ ।




| प्रतिनिधिसभा | प्रदेशसभा |
|---|---|
| पुरुष : २२४२ | पुरुष : ३,०९९ |
| महिला : २३१ | महिला : २९३ |
| अन्य : ० | अन्य : १ |
| कूल : २४७३ | कूल : ३,३९३ |

*निर्वाचन आयोगले आइतबार राति ११ बजेसम्म अद्यावधिक गरेको तथ्यांकमा आधारित ।

### दलबाट दलित उम्मेदवार जम्मा दुई जना

प्रतिनिधिसभा निर्वाचनमा दलहरूले दलित समुदायलाई लगभग पूरै उपेक्षा गरेका छन् । प्रत्यक्षतर्फ नेपाली कांग्रेसले एउटा पनि उम्मेदवार उठाएको छैन भने एमाले र माओवादीले एक/एक जनालाई उम्मेदवार बनाएका छन् ।

कांग्रेसबाट निवर्तमान सचेतक मिन विश्वकर्माको नाम सिफारिस भएता पनि उनले टिकट पाएनन् । एमालेले रूपन्देही-१ बाट छविलाल विश्वकर्मालाई उम्मेदवार बनाएको छ । उनको प्रतिस्पर्धा शनिबार मात्र एमाले परित्याग गरेका घनश्याम भुसालसँग हुनेछ । भुसाललाई सत्ता गठबन्धनको सहयोग छ ।

त्यस्तै, माओवादी केन्द्रबाट महेश्वरजंग गहतराजले बाँके-१ मा उम्मेदवारी दर्ता गराएका छन् । उनले २०७४ मा पनि चुनाव जितेका थिए ।

२०७४ मा तीनजना मात्र दलित उम्मेदवारले प्रत्यक्ष जितेका थिए । कास्की-१ बाट एमालेका जगतबहादुर सुनार, रूपन्देही-३ बाट एमालेका छबिलाल विश्वकर्मा र बाँके-१ (बाँकी पृष्ठ २ मा)

## शीर्ष नेता : कसको उम्मेदवारी कहाँ ?

**काठमाडौं (प्रस)–** प्रतिनिधिसभाका लागि प्रायः सबै दलका शीर्ष नेताहरूले उम्मेदवारी दर्ता गराएका छन् । प्रधानमन्त्री तथा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले डडेलधुराबाट उम्मेदवारी दर्ता गराएका छन् । देउवाको उम्मेदवारी वारेसमार्फत उनकी पत्नी आरजु राणा देउवाले दर्ता गराएकी हुन् । राणा सभापति देउवाको उम्मेदवारी दर्ताका लागि शनिबार डडेलधुरा पुगेकी थिइन् ।

यसैगरी, नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले आफैं झापा पुगेर आफ्नो उम्मेदवारी दर्ता गराएका छन् । ओलीले झापा-५ बाट उम्मेदवारी दर्ता गराएका हुन् ।

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले गोरखा-२ बाट उम्मेदवारी दर्ता गराएका छन् । नेपाल समाजवादी पार्टीका अध्यक्ष डा. बाबुराम भट्टराई र माओवादीका वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठसहित गोरखा पुगेर दाहालले आइतबार उम्मेदवारी दर्ता गराएका हुन् । भट्टराई यसपटक उम्मेदवार छैनन् ।

नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले रौतहट-१ बाट उम्मेदवारी दर्ता गराएका छन् । उनी पनि आफैं रौतहटको सदरमुकाम गौरमा रहेको मुख्य निर्वाचन अधिकृतको कार्यालय पुगेर उम्मेदवारी दर्ता गराएका हुन् । एकीकृत समाजवादीका सम्मानित नेता झलनाथ खनालले इलाम-१, बाट उम्मेदवारी दर्ता गराएका छन् ।

गठबन्धनबाट अलग भएर एमालेसँग तालमेल गरेका जसपा अध्यक्ष उपेन्द्र यादवले सप्तरी-२ बाट उम्मेदवारी दर्ता गराएका छन् । यस्तै, लोकतान्त्रिक समाजवादी पार्टी नेपालका अध्यक्ष महन्थ ठाकुरले महोत्तरी-३, राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले झापा-३ बाट आफ्नो उम्मेदवारी दर्ता गराएका छन् । कांग्रेस महामन्त्री गगन थापाले काठमाडौं-४, अर्का महामन्त्री विश्वप्रकाश शर्माले झापा-१ बाट उम्मेदवारी दर्ता गरेका छन् ।

**सन्दर्भ : वैदेशिक रोजगार**

## मलेसियामा अवैध कामदारमाथि थप कडाइ

धमाधम पक्राउ गर्न थालियो, नेपाली कामदार पनि प्रभावित

■ प्रभाव संवाददाता

**काठमाडौं–** मलेसिया सरकारले अवैधरूपमा काम गर्दै आएका आप्रवासी कामदारलाई पक्राउ गर्न थालेको छ । भिसा अवधि सकिएर बसेका वा सम्झौता गरेको भन्दा फरक कम्पनीमा काम गर्दै आएका आप्रवासी कामदारलाई धमाधम पक्राउ गर्न थालेको हो ।

यसरी मलेसिया सरकारले अवैधरूपमा रहेका आप्रवासी कामदारलाई पक्राउ गर्न थालेपछि यसको असर नेपाली कामदारहरूमा पनि पर्ने देखिएको छ । यो नीतिका कारण थुप्रै नेपाली कामदार प्रभावित हुने मलेसियास्थित नेपाली दूतावासले जनाएको छ । त्यहाँको प्रहरीले धमाधम आप्रवासी कामदारहरूलाई पक्राउ गर्न थालेपछि धेरै नेपालीले स्वदेश फर्किन खोजिरहे पनि अवस्था सजिलो नभएको राजदूतावासले उल्लेख गरेको छ ।

मलेसिया सरकारले सबैतिर प्रहरी र इमिग्रेसनका कर्मचारी परिचालन गरी धरपकड भइरहेको भन्दै दूतावासकी द्वितीय सचिव यशु बस्नेतले थुप्रै नेपालीहरू पक्राउ परिरहेको बताइन् । उनका अनुसार पक्राउ परेका नेपालीहरूलाई घर फर्काउने प्रक्रिया चलिरहेको र प्रक्रिया पूरा गरेकाहरूलाई स्वदेश पठाइएको छ । यस्तो अवस्थामा अवैधरूपमा बसेका नेपालीहरूलाई अनावश्यक रूपमा हिँडडुल नगर्न दूतावासले अनुरोधसमेत गरेको छ ।

मलेसिया सरकारले अवैधरूपमा वसेका कामदारहरूलाई लक्षित गर्दै बेलाबेला घर



फिर्ती योजना ल्याउने गरे पनि नियम उलंघन गर्दै बस्ने गरेपछि त्यस्ता कामदारहरूमाथि कडाइका साथ पक्राउ गर्न थालेको बताइन्छ ।

वैदेशिक रोजगारीका लागि नेपालीहरूको प्रमुख गन्तव्यमध्येको एक मलेसियामा थुप्रै नेपालीहरू अवैध रूपमा बस्ने गरेको भेटिएको छ । मलेसियामा भिसा सकिएर पनि लुकिछिपी काम गर्ने, भागेर अर्को कम्पनीमा काम गर्ने, भिजिट भिसामा गएर काम गर्नुलाई अवैध मानिने दूतावासले जनाएको छ ।

कोरोना महामारीपश्चात् आर्थिक वर्ष २०७९/८० पहिलो दुई महिनामा झण्डै ६० हजारको हाराहारीमा वैदेशिक रोजगारीका लागि मलेसिया जान नेपालीहरूले श्रम स्वीकृति लिएको वैदेशिक रोजगार विभागले जनाएको छ । विदेशी कामदारका चाप बढेसँगै अवैध कामदारको संख्या पनि बढ्न थालेपछि मलेसिया सरकारले कडाइ गर्न थालेको हो ।

युएईले जारी गर्‍यो श्रमसम्बन्धी नयाँ निर्देशिका

## रोजगार सम्झौताको समयसीमा हटाइयो

■ प्रभाव संवाददाता

**काठमाडौं–** युएई सरकारले आप्रवासी कामदारको हकमा गत शुक्रबार नयाँ निर्देशिका जारी गरेको छ । उक्त निर्देशिका अनुसार निजी क्षेत्रमा काम गर्ने कामदारहरूले निश्चित अवधिका लागि (दुई र तीन वर्ष) गरेको रोजगारी सम्झौता सीमा हटाउने भएको छ ।

गत फेब्रुअरीबाट लागू भएको नयाँ श्रम कानुनलाई अद्यावधिक गर्दै त्यहाँको मानव संसाधन मन्त्रालयले रोजगार सम्बन्धको नियमनसम्बन्धी डिक्री-कानुनमा परिवर्तन भएको घोषणा गरेको हो । कानुनमा केही नयाँ संशोधनहरू भए पनि यसभन्दा पहिला भएका रोजगार सम्झौताहरूमा उल्लेख गरिएको अवधि पूरा र अब कानुनले सम्झौता अवधिको सीमा नतोक्ने मन्त्रालयले जनाएको छ ।

खालिज टाइम्सका अनुसार सरकारले कानुनमा ल्याएको परिवर्तनहरूको व्याख्या गर्दै रोजगारीका सम्झौताहरू भिसाको दुई र तीन वर्षको वैधतामा सीमित थिए । यद्यपि, नयाँ घोषणाले कामदारसँग रोजगारी सम्झौता भिसाको अवधिभन्दा पनि धेरै लामो हुन सक्नेछ ।

कानुनमा भएको नयाँ परिवर्तनले श्रम बजारको उत्पादकत्व, लचिलोपन र व्यापार गर्न सजिलो हुने संयन्त्रको विकास हुने मानव संसाधनमन्त्री डा. अब्दुलरहमान अल अवारले बताएका छन् । यो संशोधनले रोजगारदाता र कामदार दुवै पक्षलाई जोगाउने, श्रम बजारको वृद्धि र स्थिरतालाई अगाडि बढाउने र युएईको आर्थिक प्रतिस्पर्धालाई बढाउने उद्देश्य राखेको अल अवारले उल्लेख गरेका छन् । 'युएई सरकारले नियमहरू र कानुनहरू विकास गर्न जारी राख्छ जुन युएईको आगामी ५० वर्षको विकासको मागसँग मिल्दोजुल्दो छ,' अल अवारले भनेका छन्, 'कानुन र नियमहरूले हाम्रो व्यापार वातावरणको स्थिरतालाई प्रोत्साहन गर्छ र यसमा लचिलोपन र आकर्षण सुधार हुनेछ ।'

युएईले नोभेम्बर २०२१ मा कोरोना भाइरसको महामारी पश्चात निजी क्षेत्रको सहजताका लागि लचिलो हुँदै आफ्नो श्रम कानुनहरू परिवर्तन गरेको थियो । यस वर्षको फेब्रुअरी २ बाट लागू भएको नयाँ कानुनअनुसार अनिश्चितकालीन सम्झौतालाई निश्चित अवधिको सम्झौतामा परिणत गर्नुपर्नेछ । तर, शुक्रबार संशोधनसहित घोषणा गरिएको कानुनले रोजगारी सम्झौता अनुसार निर्दिष्ट अवधि पूरा गर्नुपर्ने सर्त राखे पनि सम्झौताको अवधि यति नै वर्ष हुनुपर्छ भनेर तोकिएको छैन ।

वैदेशिक रोजगारविज्ञ विजय गान्धीले कानुनमा आएको परिवर्तनबाट युएईको श्रम क्षेत्रलाई थप सन्तुलित बनाउने प्रणाली विकास हुने बताए । 'प्रतिस्पर्धात्मक रोजगार बजारलाई ध्यानमा राख्दै, सम्झौता अवधिमा फेरी निश्चित अवधि तोक्ने सही समयमा आउँछ,' गान्धीले भने, 'तर नयाँ नियमहरूले तरल रोजगार बजारको लागि लचिलोपन ल्याएको छ, जसका कारण सन् २०२५ सम्ममा थप रोजगारदाता र कामदारहरूबीच लामो समयसम्म रोजगारीको सम्बन्ध कायम रहने सम्झौता हुने अपेक्षा गरिएको छ ।'






प्रतिनिधिसभा सदस्यका लागि देशभरका विभिन्न निर्वाचन क्षेत्रमा उमेदवार स्वयं उपस्थित हुन नसकेपछि निर्वाचन आयोगको केन्द्रीय कार्यालय काठमाडौंमा विभिन्न कागजपत्रहरूको सहजीकरण गर्दै आयोगका कर्मचारीहरू । *तस्बिरः प्रदीपराज वन्त/रासस*

# ललितपुरमा १३५ जनाको उम्मेदवारी

■ प्रभाव संवाददाता

**ललितपुर-** आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनका लागि ललितपुरमा १३५ जनाको उम्मेदवारी परेको छ । प्रतिनिधिसभातर्फ विभिन्न दल र स्वतन्त्र गरी ६४ तथा प्रदेशसभातर्फ ७१ जनाको उम्मेदवारी परेको हो ।

प्रतिनिधिसभा निर्वाचन क्षेत्र नं १, प्रदेशसभा १ (क) र (ख) का लागि ४८ जनाको उम्मेदवारी परेको छ । प्रतिनिधिसभाका लागि १९ जनाको उम्मेदवारी परेको छ भने ललितपुर प्रदेशसभा (क) का लागि १३ (ख) का लागि १६ जनाको उम्मेदवारी परेको छ ।

ललितपुर प्रतितनिधिसभा निर्वाचन क्षेत्र नं १ का लागि पाँचदलीय गठबन्धनका तर्फबाट नेपाली कांग्रेसका केन्द्रीय सदस्य उदयशमशेर राणाले उम्मेदवारी दर्ता गराएका छ । नेकपा (एमाले)बाट निवर्तमान सांसद तथा पूर्वप्रहरी नायब महानिरीक्षक नवराज सिलवालले क्षेत्र नं १ का लागि उम्मेदवारी दर्ता गराएका छन् । त्यस्तै राप्रपाका तर्फबाट सन्दीप आचार्य, नेमकिपाबाट कविन्द्र डंगोल, राष्ट्रिय स्वतन्त्र पार्टीबाट डा. सचिन घिमिरे, राष्ट्रिय जनमुक्ति पार्टीबाट बालकृष्ण घिमिरे, नेपाल पिपुल्स पार्टीबाट सुभद्रा महर्जन, जनता समाजवादी पार्टीबाट गोपालराज राई, लोकतान्त्रिक समाजवादी पार्टीबाट मनिषबहादुर श्रेष्ठ र मंगोल नेसनल अर्गनाइजेसनबाट सूर्य तामाङ बलले उम्मेदवारी दर्ता गराएका छन् ।

प्रतिनिधिसभा सदस्यका लागि स्वतन्त्रतर्फबाट फूलमाया लो, नवराज घिमिरे, राजकुमार तिमल्सिना, गोकुल तिमल्सिना, विशाल तामाङ, भूपेन्द्र सिलवाल, शैलेन्द्र विष्ट, सुमन भोम्जन र गोविन्द घिमिरेले उम्मेदवारी दर्ता गराएका छन् ।

ललितपुर प्रदेशसभा १ (क) का लागि पाँचदलीय गठबन्धनका तर्फबाट नेकपा (माओवादी केन्द्र)का हरि दहाल 'ललित'ले उम्मेदवारी दर्ता गराएका छन् । त्यस्तै नेकपा एमालेको तर्फबाट मधुसुदन पौडेल, मंगोल नेसनल अर्गनाइजेसन पार्टीबाट सुरेश मार्पा, राप्रपाबाट हुमा पाण्डे, नेमकिपाबाट बुद्ध लामा, राप्रपा नेपालबाट दीपेशकुमार खत्री र आमुल मसिंहा पार्टीबाट विष्णु लामाले उम्मेदवारी दर्ता गराएका छन् । ललितपुर १(क)बाट प्रदेशसभा सदस्यका लागि स्वतन्त्रतर्फ कुमार तिमल्सिना, नारायण खड्का, ठक्कर घिमिरे, रामहरि घिमिरे, श्यामकुमार घिमिरे र राजु आलेमगरले उम्मेदवारी दर्ता गराएका छन् ।

त्यसैगरी ललितपुर प्रदेशसभा १ (ख)का लागि पाँचदलीय गठबन्धनका तर्फबाट नेपाली कांग्रेसका महासमिति सदस्य मीनकृष्ण महर्जनले उम्मेदवारी दर्ता गराएका छन् । त्यस्तै एमालेका तर्फबाट निवर्तमान प्रदेशसभा सदस्य चेतनाथ सञ्जेल, मंगोल नेसनल अर्गनाइजेसन पार्टीबाट तिलकबहादुर जिम्बा, राप्रपाबाट विश्वराज न्यौपाने, नेमकिपाका तर्फबाट मन्दीप महर्जन र हाम्रो नेपाल पार्टीबाट अशोककुमार केसीले उम्मेदवारी दर्ता गराएका छन् । ललितपुर १ (ख) बाट प्रदेशसभा सदस्यका लागि स्वतन्त्रतर्फ सरोजकुमार सञ्जेल, बद्रीबहादुर बस्नेत, पिताम्बर सञ्जेल, सरोजकुमार विष्ट, चित्रबहादुर तामाङ, नवराज कुँवर, श्रीलाल भोम्जन, तिलकबहादुर भोम्जन, देवेन्द्र श्रेष्ठ र राजेन्द्र महर्जनले उम्मेदवारी दर्ता गराएका छन् ।

**ललितपुर-२ मा ४४ जनाको उम्मेदवारी**

प्रतिनिधिसभा निर्वाचन क्षेत्र नं २ का लागि २३ जनाको उम्मेदवारी परेको निर्वाचन अधिकृत दीपशिखा मुनाकर्मीले जानकारी दिइन् । प्रतिनिधिसभाका लागि विभिन्न दलबाट १४ र नौ जना स्वतन्त्र उम्मेदवारले निर्वाचन आयोगले तोकेको समयभित्रै उम्मेदवारी दर्ता गराएको उनले बताइन् । प्रतिनिधिसभाका लागि उम्मेदवारी दर्ता गराउनेमध्ये एक महिला छन् ।

प्रतिनिधिसभा निर्वाचन क्षेत्र नं २ का लागि पाँचदलीय गठबन्धनबाट नेकपा (एकीकृत समाजवादी)का कृष्णलाल महर्जनले उम्मेदवारी दर्ता गराएका छन् भने एमालेका तर्फबाट प्रेम महर्जनले उम्मेदवारी दर्ता गराएका छन् । प्रदेशसभा ललितपुर २ (क) निर्वाचन क्षेत्रका लागि १० जना उम्मेदवारले उम्मेदवारी दर्ता गराएका छन् । उम्मेदवारी दर्ता गराउनेमा विभिन्न दलबाट आठ र दुई स्वतन्त्र उम्मेदवार छन् । प्रदेशसभा सदस्यका लागि दाबेदारमध्ये दुई महिला उम्मेदवार छन् ।

प्रदेशसभा ललितपुर २ (क) लागि पाँचदलीय गठबन्धनबाट नेपाली कांग्रेसकी रिशा श्रेष्ठले उम्मेदवारी दर्ता गराएकी छन् भने (एमालेको तर्फबाट रामेश्वर श्रेष्ठले उम्मेदवारी दर्ता गराएका छन् । प्रदेशसभा ललितपुर २ (ख)का लागि ११ उम्मेदवारले उम्मेदवारी दर्ता गराएका छन् । उम्मेदवारी दर्ता गराउनेमा विभिन्न दलबाट आठ र तीन स्वतन्त्र उम्मेदवार छन् । प्रदेशसभा सदस्यका लागि दाबेदारमध्ये दुई महिला उम्मेदवार छन् ।

प्रदेशसभा ललितपुर २ (ख) लागि पाँचदलीय गठबन्धनबाट नेपाली कांग्रेसका रामकृष्ण चित्रकारले उम्मेदवारी दर्ता गराएका छन् भने एमालेका तर्फबाट ज्ञानेन्द्र शाक्यले उम्मेदवारी दर्ता गराएका छन् । चित्रकार विसं २०६५ मा संविधानसभा सदस्यमा निर्वाचित भएका थिए भने शाक्य निवर्तमान प्रदेशसभा सदस्य हुन् ।

**ललितपुर-३ मा ४३ जनाको उम्मेदवारी**

प्रतिनिधिसभा निर्वाचन क्षेत्र नं ३ का लागि २२ जनाको उम्मेदवारी परेको छ । पाँचदलीय गठबन्धनबाट नेकपा माओवादी केन्द्रकी उम्मेदवार पम्फा भुसालले उम्मेदवारी दर्ता गराएकी छन् भने एमालेका तर्फबाट अमृत खड्काले उम्मेदवारी दर्ता गराएका छन् ।

प्रदेशसभा ललितपुर ३ (क) निर्वाचन क्षेत्रका लागि १२ उम्मेदवारले उम्मेदवारी दर्ता गराएका छन् । प्रदेशसभा ललितपुर ३ (क) लागि पाँचदलीय गठबन्धनबाट नेकपा माओवादी केन्द्रका उम्मेदवार राजकाजी महर्जनले उम्मेदवारी दर्ता गराएका छन् भने एमालेका तर्फबाट रघुनाथ महर्जनले उम्मेदवारी दर्ता गराएका छन् ।

प्रदेशसभा ललितपुर ३ (ख)का लागि नौ उम्मेदवारले उम्मेदवारी दर्ता गराएका छन् । प्रदेशसभा ललितपुर २(ख) लागि पाँचदलीय गठबन्धनबाट कांग्रेसका जितेन्द्रकुमार श्रेष्ठले उम्मेदवारी दर्ता गराएका छन् । एमालेका तर्फबाट प्रेमभक्त महर्जनले उम्मेदवारी दर्ता गराएका छन् । गठबन्धनका तर्फबाट उम्मेदवार बनेका जितेन्द्रकुमार श्रेष्ठ कांग्रेस ललितपुरका सभापतिसमेत छन् ।

## प्रतिनिधिसभामा...

पृष्ठ १ बाट जारी

बाट माओवादीका गहतराज निर्वाचित भएका थिए ।

**प्रधानमन्त्रीसहित १६ मन्त्रीले दिए उम्मेदवारी**

प्रतिनिधिसभातर्फ प्रधानमन्त्रीसहित १६ मन्त्रीले उम्मेदवारी दिएका छन् । उम्मेदवारी दर्ता गर्न केहीले वारेस पठाएका थिए भने अधिकांश मन्त्रीहरू आफैं निर्वाचन अधिकृतको कार्यालयमा उपस्थित भएर मनोनयन दर्ता गराएका थिए ।

निर्वाचन आयोगबाट प्राप्त विवरणअनुसार प्रधानमन्त्री देउवाले डडेलधुरा, सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले सुनसरी-४, गृहमन्त्री बालकृष्ण खाणले रूपन्देही-३, युवा तथा खेलकुदमन्त्री महेश्वरजंग गहतराजले बाँके-१ बाट उम्मेदवारी दर्ता गरेका छन् ।

यस्तै, संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री जीवनराम श्रेष्ठले काठमाडौं-८, सहरी विकासमन्त्री मेटमणि चौधरीले दाङ-१, श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शेरबहादुर कुँवरले अछाम-१, ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालले ललितपुर-३, अर्थमन्त्री जनार्दन शर्माले रुकुम पश्चिम, खानेपानीमन्त्री उमाकान्त चौधरीले बारा-१ बाट उम्मेदवारी दर्ता गराएका छन् ।

यसैगरी, परराष्ट्रमन्त्री नारायण खड्काले उदयपुर-१, उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दिलेन्द्रप्रसाद बडूले दार्चुला, शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले बागलुङ-२, भौतिक पूर्वाधार तथा यातायातमन्त्री मोहम्मद इश्तियाक राईले बाँके-२, वनमन्त्री प्रदीप यादवले पर्सा-१ र राज्यमन्त्री उमेश श्रेष्ठले चितवन-२ बाट उम्मेदवारी दिएका छन् ।

**१२ जना व्यवसायी पनि मैदानमा**

आगामी प्रतिनिधिसभा निर्वाचनका लागि १२ जना व्यवसायी तथा ठेकेदारले उम्मेदवारी दर्ता गराएका छन् । तीमध्ये सात जना नेपाली कांग्रेसको तर्फबाट उम्मेदवार बनेका छन् ।

अर्बपति व्यवसायी विनोद चौधरीले कांग्रेसको तर्फबाट नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)-१ बाट प्रतिनिधिसभा सदस्यका लागि उम्मेदवारी दर्ता गराएका छन् । चौधरी यसअघि समानुपातिक सांसद थिए । व्यवसायी उमेश श्रेष्ठ चितवन-२ बाट उम्मेदवार बनेका छन् । कांग्रेसका तर्फबाट उम्मेदवार बनेका श्रेष्ठ प्रधानमन्त्री कार्यालयका राज्यमन्त्रीसमेत हुन् ।

मोहन आचार्यले रसुवाबाट उम्मेदवारी दिएका छन् । कांग्रेसका तर्फबाट उम्मेदवार बनेका आचार्य यसअघि पनि सांसद थिए । सिभिल इञ्जिनियर पढेका उनी निर्माण व्यवसायी हुन् । मेडिकल व्यवसायी डा. सुनिल शर्मा मोरङ-३ बाट उम्मेदवार बनेका छन् । कांग्रेसका तर्फबाट उम्मेदवार बनेका शर्मा अघिल्लो निर्वाचनमा झिनो मतान्तरले पराजित बनेका थिए । उनी नोबेल हस्पिटल र काठमाडौं मेडिकल कलेजका सञ्चालक हुन् ।

निर्माण व्यवसायी पूर्णबहादुर (कान्छाराम) तामाङ रामेछापबाट उम्मेदवार बनेका छन् । तामाङ कांग्रेस रामेछापका सभापतिसमेत हुन् । उनी यसअघि पनि उम्मेदवार बनेका थिए । अर्का व्यवसायी दीपक खड्काले संखुवासभाबाट उम्मेदवारी दर्ता गराएका छन् । कांग्रेस संखुवासभाका सभापतिसमेत रहेका खड्का यसअघिको निर्वाचनमा पनि उम्मेदवार थिए । उनी घरजग्गा व्यवसायमा बढी संलग्न छन् ।

पर्यटन व्यवसायी राजेन्द्र बजगाईं गोरखा-१ बाट उम्मेदवार बनेका छन् । कांग्रेसका तर्फबाट उनले उम्मेदवारी दिएका हुन् । बजगाईं यसअघिको निर्वाचनमा पनि उम्मेदार बनेर पराजित भएका थिए । नेकपा एमालेका तर्फबाट दुई जना व्यवसायीले उम्मेदवारी दर्ता गराएका छन् । व्यवसायी बालकृष्ण शिवाकोटीले दोलखाबाट उम्मेदवारी दर्ता गराएका हुन् । उनी निर्माण व्यवसायी हुन् ।

यस्तै, वैदेशिक रोजगार व्यवसायी एलपी साँवा लिम्बूले झापा-४ बाट उम्मेदवारी दर्ता गराएका छन् । साँवा यसअघि पनि सांसद थिए । उनी नेकपा एमालेनिकट नेपाल उद्योग व्यवसायी महासंघका अध्यक्ष पनि हुन् । एकीकृत समाजवादीका तर्फका एक व्यवसायीले उम्मेदवारी दिएका छन् । समाजवादीका कृष्णकुमार श्रेष्ठ (किसान) ले बारा-४ बाट उम्मेदवारी दर्ता गराएका हुन् । विभिन्न व्यवसायमा आबद्ध श्रेष्ठ यसअघि श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्रीसमेत बनिसकेका छन् ।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का तर्फबाट एक जना व्यवसायीले उम्मेदवारी दर्ता गराएका छन् । निर्माण व्यवसायी विक्रम पाण्डे चितवन-३ बाट उम्मेदवार बनेका छन् । राप्रपाका तर्फबाट उम्मेदवार बनेका पाण्डे यसअघि पनि निर्वाचन लडेर पराजित भएका थिए । उनी निर्माण व्यवसायी हुन् ।

### ठूला दलले गरे महिलालाई उपेक्षा

प्रतिनिधिसभाको प्रत्यक्षतर्फ ठूला राजनीतिक दलले महिलालाई उपेक्षा गरेको पाइएको छ । ठूला दलबाट जम्मा २२ महिलाले उम्मेदवार बन्ने अवसर पाएका छन् । एमालेबाट ११, माओवादी केन्द्रबाट छ र कांग्रेसबाट पाँच महिलाले प्रतिनिधिसभाको प्रत्यक्षतर्फ मनोनयन दर्ता गरेका छन् ।

एमालेबाट सुनसरी-३ मा भगवती चौधरी, दाङ-१ मा शान्ता चौधरी र दाङ-३ मा कोमल वली, स्याङ्जा-२ मा पद्मा अर्याल, कास्की-२ मा विद्या भट्टराई, डोटीमा गौरी ओली र कञ्चनपुर-३ मा निरूदेवी पाल प्रतिस्पर्धा गर्दै छन् । त्यस्तै, धनुक्षा-३ बाट जुलीकुमारी महतो, उदयपुर-१ बाट मञ्जु चौधरी, बारा-३ मा ज्वालाकुमारी साह र बागलुङ-२ बाट मञ्जु शर्मा चालिसे उम्मेदवार बनेका छन् ।

नेपाली कांग्रेसबाट तेह्रथुममा सीता गुरुङ, मोरङ-२ मा सुजाता कोइराला, सिरहा-२ मा चित्रलेखा यादव, मकवानपुर-१ मा महालक्ष्मी उपाध्याय 'डिना' र अर्घाखाँचीमा पुष्पा भुसाल उम्मेदवार बनेका छन् ।

यसैगरी, नेकपा माओवादी केन्द्रबाट ललितपुर-३ मा पम्फा भुसाल, काठमाडौं-२ मा ओनसरी घर्ती, काठमाडौं-७ मा मानुक्षी यमी भट्टराई, काठमाडौं-९ मा कल्पना धमला, दाङ-३ मा रेखा शर्मा, जुम्लामा गोमा गौतम र कञ्चनपुर-३ मा बिना मगर उम्मेदवार बनेका छन् ।

## पार्टीबाट...

पृष्ठ १ बाट जारी

पूर्वनगरसभापति श्रीकृष्ण ज्योतिले स्वतन्त्र उम्मेदवारी दिएका छन् । कांग्रेसबाट असन्तुष्ट कामपा-६ का पूर्ववडाध्यक्ष दीपेन्द्र लामाले प्रदेश (क) का लागि स्वतन्त्र उम्मेदवारी दिएका छन् । प्रदेश (ख) मा महिला संघ काठमाडौंकी अध्यक्ष विष्णुदेवी पुडासैनीले स्वतन्त्र उम्मेदवारी दिएकी छन् ।

लेखक युग पाठकले झापा क्षेत्र नं ५ बाट स्वतन्त्र उम्मेदवारी दिएका छन् । यो क्षेत्रमा नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले उम्मेदवारी दर्ता गराएका छन् । त्यस्तै प्रधानमन्त्री शेरबहादुर देउवाले उम्मेदवारी दर्ता गराएको डडेलधुरामा सागर ढकालले स्वतन्त्र उम्मेदवारी दिएका छन् ।

## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरू
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
E-mail: dhruvswamig@gmail.com

असोज २४ गते सोमबार

| | |
|---|---|
| मेष | पारिवारिक कार्य सफल हुनेछ । |
| वृष | अनावश्यक जिम्मेवारी नलिनुहोला । |
| मिथुन | लामो यात्रा हुनेछ । |
| कर्कट | सबै कार्यमा सावधानी राख्नुहोला । |
| सिंह | नयाँ काम बन्नेछ । |
| कन्या | राजनीतिक लाभ प्राप्त हुनेछ । |
| तुला | धर्म पालनामा रूचि देखिन्छ । |
| वृश्चिक | नयाँ साथी बन्ने योग छ । |
| धनु | नयाँ कार्यमा सावधानी राख्नुहोला । |
| मकर | शुभ समाचार प्राप्त हुनेछ । |
| कुम्भ | नयाँ काम मिल्ने सम्भावना छ । |
| मीन | आय बढ्नेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेशनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेशनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा (काठमाडौं) | ४२५५५४०/४२५५५४१ |
| भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेशनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

असोज २४ गते, २०७९, १० अक्टोबर २०२२

| मुद्रा | इकाई | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १२१।७६ | १२२।३६ |
| युरो | १ को | १३३।२२ | १३३।८८ |
| पाउन्ड स्टर्लिङ | १ को | १५२।०० | १५२।७५ |
| स्विस फ्रैन्क | १ को | १२६।०९ | १२६।७१ |
| अस्ट्रेलियन डलर | १ को | ७७।२५ | ७७।६३ |
| क्यानाडियन डलर | १ को | ८७।२६ | ८७।६९ |
| सिंगापुर डलर | १ को | ८६।१८ | ८६।६० |
| जापानी येन | १० को | ११।२३ | ११।२९ |
| चिनियाँ युआन | १ को | १७।३१ | १७।३९ |
| साउदी अरब रियाल | १ को | ३२।३८ | ३२।५४ |
| कतारी रियाल | १ को | ३३।४४ | ३३।६१ |
| थाई भाट | १ को | ३।७३ | ३।७५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३३।१५ | ३३।३१ |
| मलेसियन रिंगेट | १ को | २८।२५ | २८।३९ |
| दक्षिण कोरियन वन | १०० को | १०।०६ | १०।११ |
| स्विडिस क्रोनर | १ को | १२।२६ | १२।३२ |
| डेनिस क्रोनर | १ को | १७।८५ | १७।९३ |
| हङकङ डलर | १ को | १५।७१ | १५।७८ |
| कुवेती दिनार | १ को | ३९१।५२ | ३९३।४५ |
| बहराइन दिनार | १ को | ३२१।०२ | ३२२।६० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



**मखान बेच्दै** महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वरमा आइतबार बिहानैदेखि कोजाग्रत पूर्णिमाको अवसरमा मखान बेच्दै महिला । मिथिलामा सबैले अनिवार्य रूपमा मखान र पान खाने चलन छ । *तस्बिरः रासस*

# कहाँ क-कसको पऱ्यो उम्मेदवारी ?

■ प्रभाव संवाददाता

**काठमाडौं–** आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फको उम्मेदवार मनोनयनपत्र दर्ता गरिएको छ ।

प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्य निर्वाचन प्रयोजनका लागि मुलुकका विभिन्न स्थानमा स्थापना भएका निर्वाचन अधिकृतको कार्यालयमा पुगेर आइतबार  उम्मेदवारहरूले मनोनयनपत्र दर्ता गरेका छन् ।

कर्णालीमा नेपाली कांग्रेसका उपसभापति पूर्णबहादुर खड्काले सुर्खेत क्षेत्र नं १ बाट प्रतिनिधिसभाका लागि उम्मेदवारी मनोनयन दर्ता गराएका छन् । उपसभापति खड्काले निर्वाचन अधिकृतको कार्यालय मेहेलकुनामा प्रतिनिधि मुकरर (वारेसनामा) मार्फत उम्मेदवारी दर्ता गरेका हुन् । खड्का सत्तारुढ गठबन्धनको साझा उम्मेदवार हुन् ।

नेकपा एमालेबाट ध्रुवकुमार शाही, राप्रपाबाट छत्रमणि थापा र राष्ट्रिय स्वतन्त्र पार्टीबाट मोहम्मद अस्तक अलीले प्रतिनिधिसभामा उम्मेदवारी दर्ता गराएका छन् । सुर्खेत-१ को प्रदेशसभा (क) मा सत्तारुढ गठबन्धनको तर्फबाट कांग्रेसका खड्कबहादुर पोखरेल र एमालेका ठम्मर विष्ट तथा प्रदेशसभा (ख) गठबन्धनका तर्फबाट माओवादी केन्द्रका कृष्ण जिसी, एमालेका डण्डीप्रसाद शर्मासहित सात जनाको उम्मेदवारी परेको छ । निर्वाचन अधिकृत खनालका अनुसार प्रदेशसभाको यो क्षेत्रमा एमालेका निवर्तमान प्रदेशसभा सदस्य खड्कबहादुर खत्रीको स्वतन्त्र उम्मेदवारी दर्ता भएको छ ।

वीरेन्द्रनगरस्थित मुख्य निर्वाचन अधिकृतको कार्यालयमा पुगेर सुर्खेत क्षेत्र नं २ मा प्रतिनिधिसभा सदस्यका लागि सत्तारुढ गठबन्धनबाट कांग्रेसका हृदयराम थानी, एमालेका अमृतकुमार बिसीले मनोनयन दर्ता गरेका छन् ।

यस क्षेत्रको प्रदेशसभा (क) मा गठबन्धनबाट कांग्रेसका कालीप्रसाद शाक्य र एमालेका यामलाल कँडेल, (ख) मा गठबन्धनबाट माओवादी केन्द्रका बिन्दमान विष्ट र एमालेका ताराकेशर गौतम, नेकपा (एकीकृत समाजवादी)का मोहन बडुवालको उम्मेदवारी दर्ता भएको छ ।

त्यस्तै शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले बागलुङ क्षेत्र नं २ बाट प्रतिनिधिसभा सदस्यमा उम्मेदवारी दर्ता गराएका छन् । उनले निर्वाचन अधिकृतको कार्यालय बुर्तिबाङमा उम्मेदवारी दर्ता गराएका हुन् ।

यस क्षेत्रको प्रदेश क्षेत्र (क) मा नेपाली कांग्रेस बागलुङका सभापति जितबहादुर शेरचन र (ख) मा दोर्णकुमार कुँवरले उम्मेदवारी दर्ता गराएका छन् ।

त्यस्तै नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माल प्रतिनिधिसभा सदस्यमा झापा क्षेत्र नं १ बाट उम्मेदवारी मनोनयन दर्ता गराएका छन् ।

यसैगरी नकेपा (एमाले) झापा जिल्ला इन्चार्ज अग्नि खरेलले प्रतिनिधिसभा सदस्यमै उम्मेदवारी मनोनयन गराएका छन् ।

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले उम्मेदवारी दर्ता गराएका छन् । मुख्य निर्वाचन अधिकृतको कार्यालयमा पुगेर वरिष्ठ नेता पौडेलले प्रत्यक्षतर्फ प्रतिनिधिसभा सदस्यमा उम्मेदवारी दर्ता गराएका छन् ।

त्यस्तै इलाम प्रतिनिधिसभा क्षेत्र नं १ बाट पूर्वप्रधानमन्त्री तथा नेकपा (एकीकृत समाजवादी)का सम्मानित नेता झलनाथ खनालले मनोनयन दर्ता गराएका छन् । खनालको अनुपस्थितिमा एकीकृत समाजवादीका प्रतिनिधि दीपक पौडेलले मनोनयन दर्ता गराएका छन् ।

त्यस्तै सोही क्षेत्रमा नेकपा (एमाले)का तर्फबाट जिल्ला अध्यक्ष महेश बस्नेतले मनोनयन गर्दा गराएका छन् ।सोही क्षेत्रमा स्वतन्त्रको तर्फबाट विक्रम पाण्डेले समेत मनोनयन दर्ता गराएका छन् ।

प्रदेशसभातर्फ गठबन्धनको तर्फबाट (क) मा खिनु लङ्वाले मनोनयन दर्ता गराएका छन् । त्यस्तै (ख) मा गठबन्धनका तर्फबाट नेपाली कांग्रेसका प्रदेशसभा सभापति शम्शेर राईले मनोनयन दर्ता गराएका छन् ।

नेकपा (एमाले) नेता सुवासचन्द्र नेम्वाङले प्रतिनिधिसभा इलाम क्षेत्र नं २ बाट मनोनयन दर्ता गराएका छन् । उनले मुख्य निर्वाचन अधिकृतको कार्यालय इलाममा मनोनयन दर्ता गराएका छन् ।

त्यस्तै गठबन्धनको तर्फबाट सो क्षेत्रमा नेपाली कांग्रेसका जिल्ला सभापति डम्बरबहादुर खड्काले मनोनयन दर्ता गराएका छन् । उनलाई गठबन्धनका दलहरूको समर्थन रहेको छ ।

यही निर्वाचन क्षेत्रबाट राष्ट्रिय जनमुक्ति पार्टीका केन्द्रीय अध्यक्ष केपी पालुङ्वाले समेत मनोनयन दर्ता गराएका छन् । प्रदेशसभा (क) मा गठबन्धनका तर्फबाट नेपाली कांग्रेसका गोविन्द गिरीले मनोनयन दर्ता गराएका छन् । (ख) मा भने गठबन्धनका तर्फबाट नेकपा (माओवादी केन्द्र)का कान्छा लावतीले मनोनयन दर्ता गराएका छन् ।

एमालेका तर्फबाट (क)मा गणेश बराल र (ख) मा राम रानाले मनोनयन दर्ता गराएका छन् ।

सुनसरी क्षेत्र नं ४ बाट नेपाली कांग्रेसको तर्फबाट सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले मनोनयन दर्ता गराएका छन् ।

मुख्य निर्वाचन अधिकृत तथा सुनसरी क्षेत्र नं ४ समेत निर्वाचन अधिकृतको कार्यालय सदरमुकाम इनरुवामा पुगी उनले आफ्नो मनोनयन दर्ता गराएका छन् । बजागाजासहित मन्त्री कार्कीले उमेदवारी दर्ता गराएका छन् ।

त्यसैगरी सुनसरी क्षेत्र नं ४ (क) बाट सदानन्द मण्डल र ४ (ख) बाट हाजी इसराइल मंसुरीले उमेदवारी दर्ता गराएका छन् ।

नेकपा (एमाले) र जनता समाजवादी पार्टी (जसपा) बाट प्रतिनिधिसभा सुनसरी क्षेत्र नं ४ मा १ नं प्रदेशका पूर्व उद्योग, पर्यटन, वन तथा वतारणमन्त्रीसमेत रहनुभएका जगदीशप्रसाद कुसियैतले उमेदवारी दर्ता गराएका छन् ।

त्यसैगरी सुनसरी क्षेत्र नं ४ (क) मा जसपाबाट पर्शुराम बस्नेत र क्षेत्र नं ४ (ख) बाट अब्बास अन्सारीले उम्मेदवारी दर्ता गराएका छन् ।

# तनहुँमा डेंगुको संक्रमण बढ्यो
## अस्पतालमा शय्या अभाव

**तनहुँ–** तनहुँमा डेंगुको संक्रमण बढ्दै गएको छ । डेंगुका बिरामीको संख्या बढ्दै जाँदा सदरमुकामस्थित दमौली अस्पतालमा बिरामी राख्न शय्याको अभाव हुन थालेको छ ।

शनिबार मात्रै एघार जनामा डेंगु पोजेटिभ देखिएको दमौली अस्पतालले जनाएको छ । अन्य दिनको तुलनामा यो बढी हो । हालसम्म एक सयको हाराहारीमा मानिस डेंगु संक्रमणबाट प्रभावित भएका छन् । उन्नाइस बिरामीको रगत प्रयोगशालामा परीक्षण गर्दा उनीहरूमा डेंगु पोजेटिभ भेटिएको हो ।

एक बालकसहित दश जना अस्पतालमा भर्ना भएर उपचार गराइरहेका छन् भने एकजना आफ्नै घरमा गएको दमौली अस्पतालका सघन उपचार कक्षका अहेब राजेश क्षेत्रीले जानकारी दिए । डेंगुका बिरामी भर्ना भएसँगै अस्पतालमा अन्य रोगका बिरामीलाई भर्ना गर्न शय्याको अभाव देखिएको उनले बताए ।

अस्पतालमा उपचार आएका बिरामीमध्ये केही दिनयता दैनिक पाँच/सात जनामा डेंगु पोजेटिभ देखिन थालेको बताइएको छ । अस्पतालमा दैनिक दुई सयको हाराहारीमा स्वास्थ्य परीक्षणका लागि आउने बिरामीमध्ये एक सयदेखि एक सय ५० जनासम्म ज्वरोका बिरामी हुने गरेका छन् ।

उच्च ज्वरो आएका, जीउ दुख्ने र बान्ता गर्ने बिरामीको पहिलो चरणको एनएस-१ परीक्षण गर्दा डेंगु भेटिएको हो । उनले भने, ‘आइडिजी र आइजिएम परीक्षणको लागि पोखरा पठाउनुपर्ने हुन्छ ।’ उक्त आइडिजी र आइजिएम परीक्षण गर्दा डेंगुका बिरामीको अवस्था र कति दिनको भयो भन्नेबारे जानकारी पाउन सकिने उनले जानकारी दिए ।

पन्ध्र शय्या क्षमताको अस्पतालमा चालीस शय्यासम्म राखेर सेवा दिँदा पनि शय्याको अभाव हुँदा अन्य प्रकृतिका बिरामीलाई भर्ना गरी राख्न कठिनाइ भएको उनले बताए । डेंगुबाट बच्नको लागि टोल-टोलमा गएर अझै मानिसमा सचेतना फैलाउनुपर्ने अवस्था देखिएको सो अस्पतालले जनाएको छ ।

ज्वरो आएमा जथाभावी एन्टिबायटिक औषधि सेवन नगर्ने, सिटामल प्रयोग गर्ने, झोलिलो पदार्थ सेवन गर्ने र प्रशस्त मात्रमा पानी पिउने र आराम गर्न बिरामीलाई सुझाव सल्लाह दिइएको अस्पतालका निमित्त मेडिकल सुपरिटेण्डेन अभिनन्दन तिवारीले जानकारी दिए । आफ्नो घर वरिपरी सफा राख्ने, लामखुट्टे न्यूनीकरण गर्ने, सुत्दा झुलको प्रयोग गर्ने, पानी जम्न नदिने लगायतका कुरामा ध्यान दिनुपर्ने उनले बताए । *रासस*

## संक्षिप्त

### मोटरसाइकलको ठक्करबाट एक जनाको मृत्यु

**सर्लाही (प्रस)–** ईश्वरपुर नगरपालिका-५ बाँके जंगलस्थित सडकमा हाल नम्बरको नखुलेको मोटरसाइकलको ठक्करबाट पैदलयात्री हाल नाम, थर, वतन नखुलेका करिब ६० वर्षीय पुरुषको आइतबार मृत्यु भएको छ । ठक्करबाट गम्भीर घाइते भएका उनको गढीमाई अस्पताल लालबन्दीमा उपचारको क्रममा मृत्यु भएको हो । ठक्कर दिने मोटरसाइकल चालकको प्रहरीले खोजी गरिरहेको छ ।

त्यस्तै धादिङ, गल्छी गाउँपालिका-६ चिरौदी पुलस्थित सडकमा बा.१८ च ४९३५ नम्बरको कारको ठक्करबाट पैदलयात्री सोही गाउँपालिका-६ महेशदोभान बस्ने ५२ वर्षीया बिनामाया आचार्यको शनिबार मृत्य भएको छ । कारको ठक्करबाट गम्भीर घाइते भएकी उनको अम्बेभरोसा अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो । कार चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

लमजुङ, बेसीशहर नगरपालिका-१ रिठ्ठेबगरमा ग.१ च ५९३४ नम्बरको बोलेरो जिप सडकबाट करिब १ सय मिटर तल खसेर शनिबार दुर्घटना हुँदा बोलेरोमा सवार सुन्दरबजार नगरपालिका-३ च्यानपाटा बस्ने ६१ वर्षीय मोतीबहादुर मजाकोटीको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको उपचारको क्रममा नयाँ मेडिकल कलेज चितवनमा मृत्यु भएको हो । साथै दुर्घटनामा घाइते भएका बोलेरोमा सवार अन्य १ जनाको सोही अस्पतालमा उपचार भइरहेको छ ।

### पहिरोका कारण सडक अवरूद्ध

**काठमाडौं (प्रस)–** बझाङ, बित्थडचिर गाउँपालिका-१ भाडाभिड कच्चरस्थित जयपृथ्वी राजमार्गमा आइतबार सडकको पर्खाल भत्किँदा सडक पूर्णरूपमा अवरूद्ध भएको छ । साथै बित्थडचिर गाउँपालिका-३ स्याडी पैरास्थित राजमार्गमा आइतबार पहिरो जाँदा सडक पूर्णरूपमा अवरूद्ध भएको छ ।

बैतडी, दशरथचन्द नगरपालिका-४ गोठलापानी झुलाघाट सडक खण्डको कलवाड भन्ने स्थानमा आइतबार पर्खाल भत्किँदा सडक पूर्णरूपमा अवरूद्ध भएको छ । अछाम, बान्निगढी जयगढ गाउँपालिका-४ तिमिल्सेनको सल्लाघारीस्थित सडकमा आइतबार अविरल वर्षाको कारण पहिरो जाँदा मंगलसेनबाट जयगढ भएर साँफेबगर जाने सडक खण्ड पूर्णरूपमा अवरूद्ध भएको छ । दैलेख, आठबिस नगरपालिका-४ खिट्की जिउलास्थित सडकमा आइतबार पहिरो जाँदा कर्णाली राजमार्ग पूर्णरूपमा अवरूद्ध भएको छ ।


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : American Project Logistics General Trading Co

पूर्व स्वीकृति मिति २०७९/०६/१२   पुन विज्ञापन स्वीकृति मिति: २०७९/०६/२३   LT. No. 272740   चलानी नं. ६०१८८६९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KWD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labours | 35 | 0 | 100 | ४२,७५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ असोज ३१ गते (17th Oct. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले   सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Swift Gurkha International Pvt. Ltd.**

श्रम ईजाजत नं. ५५९/०६२/०६३ Samakhusi, Tokha Road, Ktm, Nepal. Tel: +9771 4352128, 4389471, 4350987, Fax: +977-1-4350534

## बहराइनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SEOUL RESTAURANT W.L.L.t

पूर्व स्वीकृति मिति : २०७९/०२/१२   पुन विज्ञापन स्वीकृति मिति:२०७९/०६/२३   LT. No. 263573   चलानी नं.६०१७९८१६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Worker | 06 | 02 | 130 | ४५,३९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ असोज ३१ गते (17th Oct. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**K & C International Pvt. Ltd**

Govt. Reg. No. 699/063/064   Lazimpat-2, Kathmandu, Nepal  Tel: +977-1-4440633

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL KAFEZ TRADING AND CONTRACTING

पूर्व स्वीकृति मिति २०७९/०४/१७   पुन विज्ञापन स्वीकृति मिति : २०७९/०६/१३   LT. No 268375   चलानी नं. ६०१८४३८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electrician | 01 | 0 | 1100 | ४०,०४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: असोज ३१ गते (17th Oct. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले   सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Superb For Ultimate Manpower Solution Pvt.Ltd**

Maligaun, Naxal, (Brihaspati School) Kathmandu, Nepal
Tel : +977-1-4521448 E-mail : info@superbultimate.com
Webiste :www.superbultimate.com

## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : HEALTH LANE FAMILY PHARMACY SDN. BHD.

पूर्व स्वीकृति मिति २०७९/०६/२२   LT. No. 272953   चलानी नं. ६०१८३५९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GENRAL WORKER | 10 | 0 | 1500 | ४२,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ असोज ३१ गते (17th Oct. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले   सेवा शुल्क:नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**All Skills International Human Resource Pvt.ltd.**

श्रम ईजाजत नं ९५७/०६७/०६८
Maharajganj-03, Basundhara, Kathmandu, Nepal
Tel +977-1-4989541-4989542 Fax : +977-1-4362800
E-Mail : allskillsintl@gmail,com, allskillskishor@gmail.com
Website : www.allskillsintl.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी :ULTIMATE TECHNOLOGY SDN.BHD

पूर्व स्वीकृति मिति:२०७९/०६/१८   LT. No. 272830   चलानी नं. ६०१८८६६४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 10 | 0 | 1500 | ४२,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी :GRAND ART PRINTING & PACKAGING SDN BHD

पूर्व स्वीकृति मिति:२०७९/०६/२३   LT. No. 272976   चलानी नं. ६०१८८७३१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 14 | 0 | 1500 | ४२,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ असोज ३१ गते (17th Oct. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले   सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**आशिर्वाद ओभरसिज प्रा. लि.**

Govt. License 1211/073/074
बसुन्धारा, काठमाडौं, नेपाल फोन नं. +९७७-१-४९८४६३०, ५९०१५८६
फ्याक्स ०१-४३८४५५० मोबाइल नं. ९८५१०६७३५१ ९८०११३०८९२ र ९८६६९९९९२९
इमेल : hraashirbad@gmail.com Website : www.aahirbadovs.com

## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : KS Secondary Fibre Supplier Sdn.Bhd.

पूर्व स्वीकृति मिति : २०७९/०६/२३   LT. No.273071   चलानी नं. ६०१८८७५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Production Operator | 25 | 0 | 1500 | ४२,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : LEONG HUP AGROBUSINESS SDN BHD

पूर्व स्वीकृति मिति : २०७९/०६/२३   LT. No.273072   चलानी नं.६०१८८७५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Poultry Farming | 210 | 0 | 1500 | ४२,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ असोज ३१ गते (17th Oct. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले   सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**ABC PLACEMENTS PVT. LTD**

Gaushala-9, Battisputali, Kathmandu, Nepal, Tel : 977-1-4482340,
Email : infoabcplacement@gmail.com,
info@abcplacement.com, Website: www.abcplacement.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### महिला र दलितलाई उपेक्षा

आइतबार देशभर प्रदेश र प्रतिनिधिसभाका लागि मनोनयन दर्ता भएको छ । आउँदो मंसिर ४ गतेका लागि तय भएको निर्वाचनका लागि निर्वाचन कार्यतालिका अनुसार आइतबार मनोनयन दर्ता भएको हो ।

आयोगका अनुसार आज सोमबार बिहान १० बजेदेखि दिउँसो ३ बजेसम्म मनोनयन दर्ता भएका कुनै पनि उम्मेदवारविरुद्ध सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा उजुरी दिन सकिनेछ। आज दिउँसो ३ बजेदेखि भोलि साँझ ५ बजेसम्म मनोनयनपत्र र उजुरीउपर जाँचबुझ गरी निर्णय गरिनेछ । यस्तै, भोलि मंगलबार साँझ ५ देखि ७ बजेसम्म उम्मेदवारको नामावली प्रकाशन गर्ने, २६ गते बिहान १० बजेदेखि दिउँसो १ बजेसम्म उम्मेदवारको नाम फिर्ता लिने समय निर्धारण गरिएको छ । यही असोज २६ गते दिउँसो १ बजेदेखि ३ बजेसम्म उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरिनेछ भने सोही दिन दिउँसो ४ बजेदेखि साँझ ७ बजेसम्म उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गरिने आयोगले जनाएको छ ।

नेपालमा भएको माओवादी सशस्त्र युद्ध, ऐतिहासिक जनआन्दोन, मधेस आन्दोलनलगायतका विभिन्न आन्दोलन र संघर्षको उपजका रूपमा नयाँ संविधानलाई लिइन्छ । त्यही संविधानको कार्यान्वयनको चरणका रूपमा दोस्रोपटक प्रदेश र प्रतिनिधिसभाको निर्वाचन हुँदै छ । संविधानले दलित, महिला, मधेसी, आदिवासी जनजाति, पिछडिएको क्षेत्र, अल्पसंख्यक, अपांगता भएका व्यक्तिलगायतका किनारा पारिएका वर्ग, समुदाय र क्षेत्रका लागि समानुपातिक, समावदेशीताको व्यवस्था गरेको छ । राज्यका हरेक निकायमा महिलाको ३३ प्रतिशत प्रतिनिधित्वको व्यवस्था गरेको छ ।

तर, अँइतबार भएको मनोनयन हेर्दा ठूला राजनीतिक दलबाटै यसको उल्लंघन गरिएको पाइएको छ । उसो त समानुपातिक प्रणालीबाट प्रतिनिधित्व गराएर समग्रमा ३३ प्रतिशत त पुऱ्याउलान् । तर, प्रत्यक्षतर्फ भने दलहरूले महिला र दलितलाई उपेक्षा गरियो । ठूला दलबाट जम्मा २२ महिलाले उम्मेदवार बन्ने अवसर पाएका छन् । एमालेबाट ११, माओवादीबाट छ र कांग्रेसबाट पाँच महिलाले प्रतिनिधिसभा सदस्यको प्रत्यक्षतर्फ मनोनयन दर्ता गरेका छन् ।

यस्तै, प्रतिनिधिसभामा दलिततर्फ ठूला दलबाट जम्मा दुई उम्मेदवार छन् । सरकारको नेतृत्व गरेको नेपाली कांग्रेसले प्रत्यक्षतर्फ एक जना पनि दलित उम्मेदवार उठाएको छैन भने एमाले र माओवादीले एक/एक जना उम्मेदवार उठाएका छन्। अघिल्लो निर्वाचनमा पनि प्रतिनिधिसभामा जम्मा तीन जना उम्मेदवार निर्वाचित भएका थिए ।

समावेशिताको, समानुपातिक सहभागिताको चर्का भाक्षण गरेर नथाक्ने दलहरूले प्रतिनिधिसभातर्फ महिला र दलित समुदायलाई गरेको उपेक्षाले उनीहरूका नारा र भाक्षणलाई गिज्याइरहेको छ। उनीहरूको सोंचलाई उदांगो पारिदिएको छ। बरु ठेकेदार र व्यापारीलाई उनीहरूले रोजेकै क्षेत्रमा टिकट दिने तर, पार्टीभित्र लामो समय संघर्ष, त्याग र बलिदान गरेका महिला, दलित र आदिवासी जनजातिहरूलाई उपेक्षा गरिनु संविधानको मर्मविपरीत त हुँदै हो दलहरूको आफ्नै राजनीतिक संकल्प, घोषणाको खिलाप पनि हो ।

उनीहरू समावेशी र समानुपातिक प्रतिनिधित्वप्रति अनुदार छन् भन्ने यसबाट पुष्टि हुन्छ । भाक्षण र व्यवहारमा उनीहरू भिन्न रहेछन् भन्ने छर्लंग भएको छ। आफ्नो अधिकार रक्षाका लागि फेरि एकपटक यो समुदाय र वर्गका व्यक्तिहरूले खबरदारी गर्नुपर्ने भएको छ। महिला, दलित, आदिवासी जनजाति दलहरूका भोट बैंक मात्रै होइनन् भन्ने सम्झाउनुपर्ने बेला भएको सन्देश दलहरूले गरेको टिकट वितरणबाट प्रस्ट भएको छ ।

# झाडीमा सम्भावना खोज्दै गोकर्ण

▶▶ सन्तोक्ष महतारा

पछिल्लो समय वैदेशिक मोह झनै बढिरहेको छ । २२/२३ वर्ष टेक्दै गरेका युवायुवती विदेश जानेबाहेकको सपना देख्दैनन् । नेपालमा सम्भावना नभएको भन्दै युरोपेली र खाडी मुलुकमा जाने युवायुवतीको लर्को लागिरहेको छ। नेपालमै केही गर्नुपर्दछ भन्ने सोच अपवाद मात्र भेटिन्छ । त्यही एउटा अपवादको पात्र बनेका छन्, गुल्मीका २३ वर्षीय गोकर्ण नेपाली ।

गुल्मीको इस्मा गाउँपालिका-३ गहतेका नेपालीले ग्यालेक्सी कृषि तथा पशुपक्षी फार्म दर्ता गरेर कर्म गरिरहेका छन्। उनको मुख्य धारणा 'सम्भावना खाडीमा होइन, झाडीमा भेटिन्छ' भन्ने रहेको छ । मुख्य गरेर घाँस खेती गरेका नेपाली झाडीमा मिहेनत गरेर अर्थोपार्जन गर्ने बताउँछन् । उनी खाडी मुलुकमा जानुको सट्टा झाडीमा मिहेनत गर्न सुझाउँछन् ।

उनले साउन २०७६ देखि ८० हजार रूपैयाँमा घाँस खेती सुरु गरेर त्यसलाई अहिले ५० लाख रूपैयाँभन्दा बढी पुऱ्याएका छन् । उनले गत जेठदेखि बाखा खरिदसँगै कूल छ लाख रूपैयाँ लगानी गरेका गोकर्णले आम्दानीको सुरुआती चरणमा रहेको बताउँछन् ।

**रोजगारी सिर्जना**

गोकर्णले सुरु गरेको घाँस खेती र बाखापालनबाट रोजगारीसमेत सिर्जना भएको छ । आफूसँगै दिनभर अर्का एक र मौसमीरूपमा १०/१२ गरी औसतमा दैनिक आठजनाले फार्ममा रोजगारी पाएका छन् ।

यीबाहेक आमा विष्णु नेपाली, भाइ करण र बहिनी गोमा पनि गोकर्णलाई हरेक क्षण सहयोग गर्छन् । 'कृषि र पशुपालनमा व्यवस्थित लगानी गरेमा रोजगारी सिर्जना हुन्छ, गोकर्णले भन्छन् । उनले आफ्नो फार्ममा कामदार अभाव हुने गरेको गुनासो गरे । स्थानीयले आफ्नै गाउँमा काम गर्न हिच्किचाहट मान्ने गरेको अनुभव गोकर्णसँग छ । राम्रै तलब सुविधामा पनि कामदार नपाएको समस्या उनले झेलिरहेका छन् ।

गोकर्णले आफू घाँस खेतीमा पशुपालनबाटै प्रेरित भएको बताउँछन् । पशुपालन धेरै ठाउँमा गरिरहेको देखेका उनले पशुको आहार व्यवस्थापन सहरबाट भइरहेको देखे । आहारको व्यवस्थापन आफैंले गर्न सकेमा आम्दानीको स्रोत बढ्नेमा उनको बुझाइ रहयो । त्यसपछि आफू घाँस खेतीमा प्रेरित भएको उनले बताए ।

अझै पनि घाँस खेतीमा कमी भएकाले अरूले यो व्यवसाय सुरुआत गरेमा पनि निकै फाइदा पुग्ने उनको धारणा छ। आफू घाँस खेती र बाखापालनबाट निकै सन्तुष्ट रहेको भन्दै गोकर्णले पशुपालन व्यवसाय बढिर हेसम्म लगानी नडुब्ने बताउँछन् । आफ्नो बुबा चिन्ताबहादुरलाई ४० वर्षको अल्पायुमा गुमाएका गोकर्ण पेसाप्रति विचलित नभई अडिग रहे । उनी हरेक परिस्थितिसँग जुधेर अगाडि बढ्नुपर्ने बाध्यता सबैमा हुने सुझाउँछन् ।

**मोटरसाइकल बेचेर लगानी**

गोकर्ण पहिले सामान्य मोटरसाइकल चढ्थे। केही गर्ने हुटहुटीले उनले मोटरसाइकल बेचेर घाँसखेतीमा लगानी गरे । उनले ८० हजार रूपैयाँमा मोटरसाइकल बेचेर घाँसको बीउ तथा बिरुवा ल्याएर रोपे । पछि त्यही घाँसको खेतीबाट भएको आम्दानीले पुनः नयाँ मोटरसाइकल किनेर चढ्न सफल भए । उनले यसलाई सफलताको रूपमा लिएका छन् ।

वार्षिक चार महिना घाँसको हाहाकार हुने भएकाले आफू घाँस भण्डारणमा जुट्न थालेको गोकर्णले बताए । फागुनदेखि जेठ महिनासम्मको सुक्खायाममा घाँसको हाहाकार हुने गर्छ । त्यो समयका लागि वर्षायाममा घाँस भण्डारण गर्न आफू लागिरहेको उनले बताए । 'मैले चार महिनाका लागि घाँस भण्डारण गर्ने सोच बनाएकाले इस्मा गाउँपालिका र कृषि ज्ञान केन्द्रसँग पनि सहयोगको अपेक्षा राखेको छु,' गोकर्णले भने । घाँस खेती गरेर अन्य पालिकामा निर्यात गर्दा पनि आफूलाई गाउँपालिकाको सहयोग नगरेको भन्दै जनप्रतिनिधिहरूले हौसला दिएमात्र पनि पुग्ने खोज्ने छन्,' उनले भने, 'दीर्घकालीन अपेक्षा राखेर मात्र नेपाली माटोसँग खेल्नुपर्दछ ।' छोटो समयमा धेरै फाइदा खोज्दा आफैंलाई नोक्सानी हुने उनको भनाइ छ । परिश्रम निरन्तर गर्ने नतिजा नखोज्ने बानीले अन्तिममा सफलता दिलाउने अनुभव प्रत्यक्ष आफूले गर्न सकेको गोकर्ण बताउँछन् ।

हचुवाको भरले कुनै क्षेत्रमा पनि आर्थिक लगानी नगर्न उनी अरूलाई सुझाउँछन् । सुझबुझबाट मात्र आर्थिक लगानी गर्नुपर्नेमा उनको जोड छ । 'सबैसँग सल्लाह गरेर व्यवसाय सुरु गर्नुपर्दछ,' उनले भने, 'आफ्नै मिहेनत र लगावको कारणले मात्र सफल हुन सकिन्छ ।' श्रम गर्न हिच्किचाहट मान्नै नहुने गोकर्णको तर्क छ। परिवारिक साथ, सहयोग र समर्थन भएमा मात्र कृषि र पशुपालन व्यवसाय सफल हुने उनले बताए ।

**खेस्रामा पनि अब्बल गोकर्ण**

गोकर्ण नेपालीले व्यक्ति देखेपछि जस्ताको त्यस्तै खेस्रा (स्केच) तयार पार्नेका रूपमा आफूलाई परिचितसमेत गराएका छन् । विद्यालय तहबाटै आफूले चित्र बनाउँदा शिक्षकको प्रशंसा पाएकाले अझै प्रेरित भएको नेपालीले बताए ।



गोकर्ण पहिले सामान्य मोटरसाइकल चढ्थे । केही गर्ने हुटहुटीले उनले मोटरसाइकल बेचेर घाँसखेतीमा लगानी गरे । उनले ८० हजार रूपैयाँमा मोटरसाइकल बेचेर घाँसको बीउ तथा बिरुवा ल्याएर रोपे । पछि त्यही घाँसको खेतीबाट भएको आम्दानीले पुनः नयाँ मोटरसाइकल किनेर चढ्न सफल भए । उनले यसलाई सफलताको रूपमा लिएका छन् ।

भदौसम्ममा १९ लाख रूपैयाँको घाँसको बिरुवाहरू बिक्री गरेका छन् । उनीसँग गुल्मीका स्थानीय तहसँगै छिमेकी जिल्ला पाल्पा, अर्घाखाँची, प्यूठान र बागलुङका कृक्षकहरूले बिरुवा खरिद गरे ।

उनीसँग अहिले ३१ लाख रूपैयाँ बराबरका इपिल-इपिल, राइखन्यु र नेपियरलगायत ४४ प्रकारका घाँस छन्। उनले कूल १२० रोपनी जग्गामा घाँस खेती गरेका छन्। सो जग्गामध्ये ८० रोपनी गोकर्ण आफ्नै हो भने बाँकी ४० रोपनी लिजमा लिएका छन्। बिहानदेखि साँझसम्मको समय खेतबारीमा व्यतीत गर्ने गोकर्णले घाँसखेतीसँगै बाखापालनसमेत गरेका छन् । उनले घाँस बिक्री नभएको समस्यालाई दीर्घकालीन समाधानको उपाय बाखापालनलाई रोजेको बताए । नेपालीको आधुनिक खोर निर्माण गरी त्यसमा ३६ वटा बाखा राखेका छन्। भौतिक संरचना र माउ उनको भनाइ छ ।

**पागलको उपनाम पाएँ**

ग्रामीण भेगका खेतबारीमा अहिले पनि परम्परागत खेती गर्ने चलन रहेको छ। मकै, धान, कोदो र गहुँ खेती भइरहेको आफ्नो खेतबारीमा घाँसखेती सुरु गर्दा गोकर्णलाई गाउँलेले पागलको उपनाम दिएका थिए । 'सबैले मलाई पागल भन्दै हिँडिरहेको सुन्दा पनि म कत्ति विचलित भइनँ,' गोकर्णले भने । कर्मबाट प्रतिक्रिया दिने अठोट बोकेका गोकर्णले गाउँलेको पागल उपनाममा केही पनि नबोलेको सुनाउँछन् । 'सुरुआती चरणमा पागल भन्नेहरूले अहिले प्रशंसा गर्दा आफूलाई सफल भएको अनुभूति हुन्छ,' उनले भने ।

गोकर्णले कृक्षि र पशुपालनबाट छिट्टै प्रतिफल खोज्न नहुने बताए। 'वर्तमान नेपाली समाज दिनभर काम गर्ने साँझ प्रतिफल

उनले गुल्मीलाई प्राथमिकता दिने भन्दै रेसुङ्गा नगरपालिकाका प्रमुख तथा नेपाली कांग्रेस गुल्मीका सभापति खिलध्वज पन्थी, धुर्कोट गाउँपालिकाका अध्यक्ष भुपाल पोखरेल, गुल्मीमा पूर्वप्रहरी प्रमुख प्रहरी उपरीक्षक गोपालचन्द्र भट्टाई र पत्रकार प्रेम सुनारलगायत थुप्रैको स्केच तयार गरेका छन् । उनले खासगरी आफूलाई प्रेरणा मिल्ने व्यक्तिहरूको स्केच तयार गर्ने गरेको बताए । गोकर्णले काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र साह, राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने, महावीर पुन, विजय लामा र कुलमान घिसिङलगायतको स्केच तयार पारेर उनीहरूलाई उपलब्ध गराइसकेका छन् । *रासस*

## मननयोग्य

### चाणक्य नीति

चाणक्य जसले आफ्ना बाबुबाट तक्षशिला (हाल पाकिस्तान इलासमवाद नजिकको टक्सिला) विशवविद्यालयको नाम सुनेका थिए जुन मगधभन्दा सयकडौं माइल टाढा गान्धार प्रान्तमा थियो । केही बन्ने शिक्षा प्राप्तिको चाहना लिएर उनी त्या डरलाग्दो अँधेरी रातमा नै त्यसतर्फ हिंडे ।

प्रतिशोध ज्वाला र अदम्य साहस, लगनले पनि मानिसलाई कस्तोबाट कस्तो बनाइदिन्छ । चाणक्य यस्तो डरलाग्दो रातमा पनि अगाडि बढेर गइरहेथे । उनलाई भोक, प्यासको चिन्ता थिएन, वर्षाको आवेग, आकाशको गड्गडाहट। डरलाग्दो जंगल, बाठाका काँढा। ढुंगाले जब उनलाई कुनै अर्थ राख्दैन थियो, उनी बढ्दै जादैछन् ...। कि अचानक अँध्यारोमा एउटा ढुंगामा ठक्कर खाएर उनी लडे । मुख ढुंगामा पऱ्यो, अगाडिका ुईवटा दाँत भाँचिए, मुखबाट रगतको धारा बग्दै वर्षाको पानीसँगसँगै मिसिएर पृथ्वी रातो भयो । रगत बगिरहयो असहय वेदनाले पनि मानौं यस बालकको दृढतालाई डगाउन सकेन किन कि एकछिनपछि नै रगतले मुछिएका चाणक्यले उठेर लर्खराउँदै फेरि आफ्नो गन्तव्य लिए । उनी सोच्तै थिए कि म जति सक्छु चाँडो मगधको सीमाबाट बाहिर निक्लिऊँ ।

शारीरिक शक्ति पनि कतिसम्म साथ दिन्छ । अन्तमा शिथिल भएर उनी एउटा ढुंगामा शिर राखेर पल्टिए । एकैछिन्मा नै निद्राले उनलाई आफ्नो काखमा लिइन् ।

बिहानको समय, सूर्यादय हुनेबेला अनि आकाशमा सिन्दुरको जस्तो छटा देखिन लागेको थियो । नित्यकर्म स्नान ध्यान सकेर मानिस आवात जावत गर्न थालेका थिए । गंगा किनारामा कुनै एउटा ब्राह्मणले पनि स्नान गरे । त्यसपछि गंगामा गंगाजलको नै अञ्जली अर्पण गरे । आफ्नो कमण्डदुबाट सूर्यतिर मुख फर्काएर जल चढाएर र मन्त्र उच्चारण गर्दै सूर्यको उपासना/प्रार्थना गरे । **क्रमश** :

## पत्र–मञ्जुषा

### उम्मेदवार किनबेचले दूषित नेपाली राजनीति

प्रतिनिधिसभा र प्रदेशसभाको चुनाव नजिकिँदै गर्दा उम्मेदवार बन्ने आकांक्षी तीव्र बनेका छन् । यता कसलाई उम्मेदवार बनाउने भन्ने चाबी हातमा लिएर बसेकाले जथाभावी टिकट बाँडिरहेका छन् । यही क्रममा उम्मेदवार बन्न र बनाउन पैसाको चलखेल भइरहेको चर्चा चुलिएको छ । यो विगतमा पनि हुने गर्थ्यो र यसपटक अझ चर्को बनेको छ ।

आगामी मंसिर ४ मा हुने निर्वाचनका लागि आइतबार प्रत्यक्षतर्फको उम्मेदवारी दर्ता भएको छ । उम्मेदवार बन्नकै लागि पैसाको चलखेल हुँदा पार्टीलाई पैसा दिन नसक्नेहरू चुनावी मैदानबाटै बाहिरिएका छन् । विगत दुई दशकदेखि पार्टीमा लागेका र जनताका लागि हिँडेका नेताहरूसँग पैसा नहुँदा उनीहरू चुनाव लड्नबाट वञ्चित भएका छन् ।

पार्टीले उनीहरूलाई टिकट नै दिएनन् । पार्टीका अध्यक्षहरूलाई टिकट बेचेर पैसा कमाउने अवसर भयो । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली, नेपाली कांग्रेसका शेरबहादुर देउवा, नेकपा माओवादी केन्द्रका पुष्पकमल दाहाल, नेकपा एकीकृत समाजवादी पार्टीका माधवकुमार नेपाल, जनता समाजवादी पार्टीका उपेन्द्र यादवलगायतलाई पैसा कमाउने राम्रो मौका बन्यो ।

शीर्ष नेताहरूले सम्पूर्ण उम्मेदवारसँग मोटो रकम असुल्छन् र आफ्नो क्षेत्रमा लगेर खर्च गर्छन् । ताकि, चुनाव जित्ने निश्चित होस् । होइन भने नेताहरूको झोले बन्न सक्नुपऱ्यो । पार्टी अध्यक्षको चम्चे भएर अघिपछि दौडिन सक्नुपऱ्यो । यस्ताले चाहिँ टिकट पाउँछन् । तर, जनतामाझ भिजेका, जनताले रुचाएका व्यक्तिहरूले टिकट पाएका छैनन् । जनताबीच लोकप्रिय भएर के गर्नु, पार्टीलाई पोस्न नसकेपछि ।

केही दिनअघि मात्र एमाले प्रवेश गरेका नेपाल प्रहरीका आइजिपी सर्वेन्द्र खनाललाई काठमाडौं-६ बाट उम्मेदवार बनाइएको छ । आइजिपी हुँदा अर्बौं रूपैयाँ भ्रष्टाचार गरेर अंकुत सम्पत्ति कमाएका उनले अख्तियार दुरूपयोग अनुसन्धान आयोग र सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट बच्नका लागि यसो गरेका हुन् । एमालेलाई मोटो रकम दिएर चुनावी मैदानमा होमिन लागेका उनको एकमात्र उद्देश्य आफ्नो कर्तुत लुकाउनु हो ।

पार्टीमा योगदान गरेका व्यक्तिले टिकट नपाउँदा काठमाडौं क्षेत्र नम्बर ६ का जनताहरू दुःखित भएका छन् । पार्टीमा लागेर जनताको काम गर्नेले टिकट पाएनन् । एउटा सरकारी जागिर खाएर अर्बौं सम्पत्ति जोडेकालाई टिकट दिइयो । पैसा दिन सक्नेले टिकट नपाउने, नहुनेले नपाउने । कस्तो प्रवृत्ति हो यो ? राजनीति त सेवा होइन र ? तर, पछिल्लो समय राजनीति व्यापार बनेको छ ।

सार्वजनिक काम नै नगरी पैसाको आडमा चुनाव लड्नेको भीड छ । हिजो पार्टीमा आउँछन्, आज टिकट पाउँछन् । टिकट किनबेच हुँदा राम्रा नेताहरू सधैं पछि परिरहेका छन् । उही काम नगर्ने, फटाहा र दलाल गरेर सांसद बन्न आएकालाई मत हाल्न बाध्य छन्, जनता । पार्टीले न टिकट दिन्छ न विरोधमा बोल्न नै दिन्छ । पार्टीको विरोधमा चुइक्क आवाज निकाल्यो भने सदस्यता नै खारेज गरिदिन्छ ।

पार्टीको अगाडि निरीह भएर बस्न बाध्य छन्, कार्यकर्ता । टिकट नपाउनेले भकाभक पार्टी नै त्याग गर्नुपर्ने अवस्था आएको छ । निरीह भएर टुलुटुलु हेर्नुको साटो पार्टी छोडेर स्वतन्त्र उम्मेदवारी दिनु नै उचित हुनसक्छ । काम गर्ने पार्टीको उम्मेदवार बनोस् कि स्वतन्त्रबाट चुनावी मैदानमा उत्रियोस् जनताले भोट दिइहाल्छन् ।

पैसामा किनेर उम्मेदवार बनाउने र पैसा दिएर उम्मेदवार बन्ने प्रवृत्ति अन्त्य नभएसम्म नेपालको राजनीति सुध्रिदैन । यसले नेपाली राजनीतिलाई दूषित बनाएको छ । चुनाव जितेर गएका त्यस्ता प्रतिनिधिहरूबाट सुशासनको आशा गर्नु नै बेकार हो । त्यसैले उम्मेदवार किनबेच गर्ने यो गलत प्रवृत्तिको अन्त्य हुनैपर्छ ।


*– रामेश्वर पण्डित, बाँसबारी, काठमाडौं*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नुभएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail .com
facebook .com/prabhab online

**द्रष्टव्य** : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नु हुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । - सं.



**पहिरोले बस्ती जोखिमग्रत**

सुर्खेतका पञ्चपुरी नगरपालिका-५ मा गएको पहिरो। पहिरोले यहाँको बस्ती जोखिमग्रत छ।

*तस्बिर : रासस*

# उल्लासका साथ मनाइयो मुहम्मद जयन्ती

■ **इमरान खान**

**कपिलवस्तु–** कपिलवस्तुमा मुस्लिम समुदायहरूले मुहम्मद जयन्ती हार्सोउल्लासका साथ मनाउँदै छन् । इस्लामधर्मका प्रवर्तक हजरत मुहम्मद सल्ललाहुताला वए वसल्लमको १४९७ औं जन्मोउत्सवमा देश भरिका मुस्लिमहरू हार्सोउल्लासका र्‍याली निकाली धुमधामका साथ मनाएका छन् । र्‍यालि लाखौ भन्दा बढि मुस्लिम समुदायहरू सहभागी भएका थिए ।

नेपालको राष्ट्रिय झण्डा र इस्लामको झण्डा सहित निकालिएको र्‍यालि कपिलवस्तु जिल्लाको कृष्णनगर, चन्द्रौटा, पकडी, तौलिहवा लगायतका विभिन्न ठाँउको आइतबार परिक्रमा गरेका छन्। परिक्रमा पश्चात र्‍यालि कपिलवस्तु जिल्ला तौलिहवाको खेल मैदानमा आएर कोणसभामा परिणत भएको छ । स्थानीय युवाहरू तथा अग्रज व्यक्तित्व, बालबालिकाहरूको सहभागितामा वृहत रयालि निकालिएको थियो ।

इस्लामिक क्यालेण्डरको तेस्रो महिना रवि-उल्ल-अव्वलको १२ तारिखको दिन नेपाली मुस्लिम सहित विश्वभरिका मुस्लिम धर्मावलम्बीहरूले विभिन्न धार्मिक कार्यक्रमको आयोजना गरि हजरत मुहम्मद सल्ललाहुताला वए वसल्लमको १४९७ औं जन्मउत्सव मनाउँदै आएको धर्मगुरु हजरत मौलाना अलि हसन निजामिले बताए ।

नेपालमा लोकतन्त्रको स्थापना भयो देश धर्मनिरपेक्ष भयो तब देखि नै नेपाल संविधानमा ( मोहम्मद डे ) मुस्लिमधर्मालम्बीहरूको १२ रवि-उल्ल-अव्वलको अवसरमा सार्वजनिक विदा दिँदै आएकोमा अहिलेको सरकारले विधान विपरित यो बिदा कटौती गरेको छ । यसले मुस्लिम समुदायहरूलाई अवहेलना गरेको महसुस गरेका छन् । नेपाल सरकारले असोज २३ गते (मोहम्मद डे) मुस्लिमधर्मालम्बीको १२ रवि - उल्ल-अव्वलको अवसरमा सार्वजनिक विदा कटिएकोमा कपिलवस्तुका मुस्लिम धर्मावलम्बीहरूले नेपाल सरकार प्रति अक्रोशित भएको जमा मस्जिद आहले सुन्नत, तौलिहवाका अध्यक्ष एवं मुस्लिम अगुवा अधिवक्ता राउफ अहमद खाँले बताए ।

सरकारले मुस्लिम समुदायहरूको महान चाड पर्बहरू ईद–उल–फित्र (ईद), ईद–उल–अजह (बकरा ईद), पैगम्बर मोहम्मद हजरत मुहम्मद सल्ललाहुताला वए वसल्लमको जन्म जयन्ती ( १२ रबि–उल–अव्वल ), सब–ए–बरात, मोर्हरम समेतको चाड पर्ब सार्बजनिक बिदा नगरी मुस्लिम समुदायको हरेक निकायमा पहिचान सहितको समानुपातिक समाबेशी संबैधानिक हक अधिकार कुन्ठित हुने गरी भेदभाव गरेको जनाएका छन् । संविधानको मर्म अनुरूप मुस्लिमहरूको छुट्टै पहिचान सहितको आरक्षणको ब्यवस्था गरी नेपाल सरकारले उक्त बिदाहरू संघिय सरकार र प्रादेशिक सरकारद्धारा सार्वजनिक सुचिमा राखी समाबेश गरी माग समेत नेपाल सरकारसँग गरेको अधिवक्ता राउफ अहमद खाँले बताए। मुस्लिमधर्मावलम्बीहरूले समेत नेपाल सरकारसँग मुस्लिम समुदायहरूको छुट्टै पहिचान सहितको आरक्षणको जोडदार माग गरेका छन् ।

# आरन चलाएर गुजारा

**बेदकोट–** कञ्चनपुरको भीमदत्त नगरपालिका-६ बनगाउँस्थित पूर्वपश्चिम महेन्द्र राजमार्गको छेउमा सानो झुपडी छ। झुपडीभित्र फलामका टुक्रा असरल्ल छरिएका छन् । कोइला पोल्न प्रयोग गरिने आरन र आरन नजिकै घन र हतौडा छन् । तिनै घन र हतौडासँग खेल्दै गरेका भेटिए, भीमदत्त -६ का ६६ वर्षीय विष्णु लुहार ।

उनी आरनको काम गर्छन् । उनले दशकौंदेखि आरन चलाएरै जीविकोपार्जन गर्दै आएका छन् । उनी घरबाट बिहानै आरनमा आउछन् र बेलुका राति मात्रै घर फर्किन्छन् । आरनमा उनलाई काम गर्न भ्याइनभ्याई छ । यही पेसाबाट उनले छोरा-बुहारी, नातिनातिनासहित १० जना परिवार पालेका छन् । ‘आरन चलाएर परिवार पालेको छुँ, छोराछोरी नातिनातिनालाई शिक्षादीक्षा दिन सकिएको छ,’ उनी बताउँन्छन्, ‘घरखर्च पनि राम्रै चलेको छ ।’

उनलाई आरनमा काम गर्न थालेको ५४ वर्षभन्दा बढी भइसकेको छ । उनका बुबा पनि आरनकै काम गर्थे । सानै हुँदा बुबासँगै आरनमा खेल्दाखेल्दै काम सिके उनले । अहिले त्यही सीपको उपयोग गर्दै विष्णुले पनि आफ्नो परिवार सुखका साथ पालिरहेका छन् । विष्णुका बुबा विसं २०२४ मा दार्चुलाको बचालबाट तराई बसाइँ सरेका थिए । बचालमा आरन चलाउने उनीहरूले तराई (बनगाउँ) मा पनि त्यही काम थाले । बुबालाई आरनमा सघाउने उनले पहाडमै काम सिकिसकेका थिए । तराईमा बुबासँग काम गर्दा उनी झनै काममा निपुण भए ।

विष्णुले सानै उमेरमा बुबालाई गुमाउँदा परिवार पाल्ने जिम्मेवारी उनकै काँधमा आयो । त्यसका लागि उनले पनि आरनलाई नै निरन्तरता दिए । ‘अरू काम गर्नका लागि पढेको थिएन । कि त भारत नै जानु पर्थ्यो । तर म भारत गइनँ,’ उनी भन्छन्, ‘बुबाको कामलाई नै निरन्तरता दिए । काम गर्दै जाँदा कृक्षकहरूले पनि काम मन पराए ।’ बुबासँग आरनमा लडिबडी खेल्दै सिकेको सीपले परिवारको घरखर्च जुटाउने स्रोत बन्यो । त्यसैले उनले जीविकोपार्जनका लागि अन्य विकल्प खोज्नु परेन ।

उनीसँगैका साथीहरू कामका लागि अहिले पनि भारतमा छन् । उनी स्वदेशमा नै पौरख गरिररहेका छन् । उनी भन्छन्, ‘भारतमा गएर मैले पनि १३ दिन काम गरेँ । तर मलाई अर्काको मुलुकमा काम गर्न मन परेन, त्यसैले अहिले पनि आफ्नो सीपको उपयोग गरेर स्वदेशमै मेहनत गरिरहेको छुँ ।’ फलाम पिटेर कमाएको पैसाले नातिनातिनाहरूलाई समेत बोर्डिङ स्कुलमा पढाउन सकेको उनी बताउँछन् । भोलिका दिनमा आफ्ना सन्ततिले पढेर डाक्टर र इन्जिनियर बनेको हेर्ने चाहना छ, विष्णुको ।

आरनबाट हुने कमाईमा उनी सन्तुष्ट छन् । ‘कहिले दिनमा एक/दुई हजार । कहिले पाँच/छ सय कमाई हुन्छ । कृक्षकहरूले कामप्रति खुसी भएर पैसा दिएर जान्छन्,’ उनी बताउँछन् । उनले छोराहरूलाई पनि रोजगारीमा लगाएका छन् । एक छोराका लागि अटो किनिदिएका छन् भने अर्का छोरालाई खेतीपातीको काममा लगाएका छन् । विष्णुले कृक्षक वर्गलाई चाहिने कुटो, कोदालो, हँसिया, बञ्चरोलगायत हातहतियार बनाउने गर्छन् ।

आरनमा कामका लागि महेन्द्रनगर आसपासका क्षेत्रका साथै भारतको बनबासा, टनकपुर, नानकमाताबाट मानिसहरू आउने गरेको उनी सुनाउँछन् । ‘टाढाटाढाबाट विश्वास गरेर मेरामा काम लिएर आउनुहुन्छ,’ उनी भन्छन्, ‘आउने ग्राहकलाई खुसी बनाएका कारण ज्यालाभन्दा बढी पैसा दिएर जानुहुन्छ ।’

काममा मेहनत गरेका कारण सबैलाई सन्तुष्ट बनाउन सकेको उनको दाबी छ । जनशक्ति नहुँदा एक्लैले चाहे जति काम गर्न नसकेको उनको भनाइ छ । ‘धेरै काम आइरहेको छ । तर एक्लै हुँदा सबैको काम भ्याउन गाह्रो हुन्छ,’ उनी भन्छन्, ‘जनशक्ति नहुँदा आफूसँग भएको सीप देखाउन सकिएको छैन ।’ *रासस*

# लागुऔषधसहित पक्राउ

**झापा (प्रस)–** भद्रपुर नगरपालिका-४ डांगीबारी पोखरी छेउबाट अवैध लागुऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ १ ग्राम ३० मिलिग्राम सहित सोही नगरपालिका-४ पाँचकट्ठे बस्ने २० वर्षीय अनिल तामाङ लगायत २ जनालाई शनिबार प्रहरीले पक्राउ गरेको छ ।

वडा प्रहरी कार्यालय भद्रपुरबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त पदार्थ सहित फेला पारी पक्राउ गरेको हो ।

बाँके, नेपालगंज उपमहानगरपालिका-१५ जमुनाहस्थित चेकपोईन्टबाट अवैध लागुऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ ५० ग्राम सहित सोही उपमहानगरपालिका-१६ जयसपुर बस्ने २४ वर्षीय मेराज अन्सारीलाई शनिबार प्रहरीले पक्राउ गरेको छ ।

इलाका प्रहरी कार्यालय जमुनाह र लागुऔषध नियन्त्रण ब्यूरो नेपालगंजबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ आउँदै गरेको यूपी ४० के २६८० नम्बरको मोटरसाइकललाई जाँच गर्ने क्रममा उक्त पदार्थ सहित फेला पारी उनलाई पक्राउ गरेको हो ।

सिरहा, लहान नगरपालिका-५ बलुवा टोलबाट नियन्त्रित लागुऔषध नाईट्राभेट १५ ट्याब्लेट, फेनारगन १ एम्पुल, नुर्फिन १ एम्पुल र डाइजेल्याब १ एम्पुल सहित २ जनालाई आइतबार प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा लहान नगरपालिका-५ बस्ने २४ वर्षीय छेदि पासमान र २६ वर्षीय इरफान खान रहेका छन् । बलुवा टोलस्थित सडकमा उक्त लागुऔषध किनबेच गरेको अवस्थामा इलाका प्रहरी कार्यालय लहानबाट खटिएको प्रहरीले उक्त लागुऔषध सहित फेला पारी पक्राउ गरेको हो ।


## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : BUMI HIJAU FOOD INDUSTRIES SDN. BHD.

पूर्व स्वीकृति मिति : २०७९/०६/२१ | LT. No. 273026 | चलानी नं. ६०१८८७१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 12 | 0 | 1500 | ४२,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ असोज ३१ गते (17th Oct. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Munal Overseas Pvt. Ltd.** श्रम ईजाजत नं. ४६५/०६०/०६१

Kalamatidole, Airport, Ktm, Nepal. Tel.: +977-01-4461297, 4468625, Fax: +977-01-4462046

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ENGINEERING CARPENTRY FACTORY

पुर्व स्वीकृति मिति २०७९/०६/२३ | LT. No. 272970 | चलानी नं. ६०१८८६९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KWD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 100 | 0 | 115 | ४९,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Helper | 35 | 0 | 95 | ४०,६१५ | | | | | | | |
| 3 | Light Vehicle Driver | 16 | 0 | 150 | ६४,१२९ | | | | | | | |
| 4 | PAINTER | 25 | 0 | 115 | ४९,१६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ असोज ३१ गते (17th Oct. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Mansur Manpower Pvt.Ltd.** Govt. License 1218/074/075

G.P.O. Box: 473 Sambhu Marg, Airport Manpower Bazar, Kathmandu Nepal
Mobile :9801101714, 9801101713, 9801101710, 9801101712, E-mail: saim.mansur2017@gmail.com, mansur.manpower2017@gmail.com Website: www.mansurmanpower.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : VITAL HEALTHCARE SDN.BHD.

पूर्व स्वीकृति मिति २०७९/०४/३१ | पून : विज्ञापन स्वीकृति मिति २०७९/०६/२३ | LT. No. 269701 | चलानी नं. ६०१८५५५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 20 | 0 | 1500 | ४२,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ असोज ३१ गते (17th Oct. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**NEPAL INTERNATIONAL OVERSEAS PVT. LTD.** Lic No. 632/063/64

Samakhusi Chowk-3, Jaldhara Marga, Kathmandu, Tel no. 015901301, 015906301
9843743860, 9841699092
Email : niopl2017@gmail.com,info@niopl.com,URL:www.nipl.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : PERUSAHAAN KIT

पूर्व स्वीकृति मिति २०७९/०६/१५ | LT. No. 272817 | चलानी नं ६०१८८६४४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Production Operator | 20 | 0 | 1500 | ३४,१२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौं, मिति: असोज ३१ गते (17th Oct. 2022)मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५०० कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क।-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जा[illegible] दा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Sansar International Services Pvt. Ltd.** श्रम ईजाजत नं. ८९८/०६७/०६८

Basundhara-3, Kathmandu, Nepal Tel : +977-1-4385490, Fax : +977-1-4358488

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL-RAED CONSULTANT EST FOR TRADING

पुर्व स्वीकृति मिति २०७९/०२/१७ | पुन : विज्ञापन स्वीकृति मिति २०७९/०६/२३ | LT. No. 263978 | चलानी नं. ६०१८०१३८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Refrigeration Equipment Assembly Worker | 1 | 0 | 1200 | ४२,०८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ असोज ३१ गते (17th Oct. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Mansur Manpower Pvt.Ltd.** Govt. License 1218/074/075

G.P.O. Box: 473 Sambhu Marg, Airport Manpower Bazar, Kathmandu Nepal
Mobile :9801101712, 9801101715, E-mail: saim.mansur2017@gmail.com, mansur.manpower2017@gmail.com Website: www.mansurmanpower.com


## ऐरावती आदर्श बहुमुखी क्याम्पस

राप्ती गा.पा. २, लालमटीया, दाङ

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति २०७९/०६/२४ गते)

यस कार्यालयले मिति **August-21, 2022** मा हिमालय टाइम्स राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरेको सूचना अनुसार ऐरावती आदर्श बहुमुखी क्याम्पस, राप्ती गा.पा.२, लालमटीया, दाङमा दर्ता हुनआएका बोलपत्रहरुको मुल्यांकन हुदा तपशिलको बोलपत्र न्युनतम् मुल्यांकित सारभूतरुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ तथा सोही ऐनको दफा ४७ समेतको प्रयोजनार्थ सम्वन्धित सवै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल:-**

| ठेक्का नं. | योजनाको नाम | निर्माण व्यवसायीको नाम र ठेगाना | न्यूनतम मुल्याङ्कित कबोल अङ्क रु.(VAT सहित) |
|---|---|---|---|
| YAMC/NCB/W/01/2079/080 | Construction of Yerawati Aadarsh Multiple Campus | Ananta Construction Pvt.Ltd., RRM-07, Dang | 7,479,502.80 |

**क्याम्पस प्रमुख**


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : LAIWELL INDUSTRIES SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०६/२१ | LT. No. 273007 | चलानी नं. ६०१८८६७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 100 | 0 | 1500 | ४२,८६७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ असोज ३१ गते (17th Oct. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**MINAWA RECRUITMENT H.R. PVT LTD** Govt.Lic. No- 1168/073/074

Sinamangal-9, Sambhu Margh, Kathmandu, Nepal
T: +977-01-4112754 | Mobile: +977-9851002539, E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com


# प्रभाव दैनिक





## कान्येमाथि इन्स्टाग्राम प्रयोगमा प्रतिबन्ध

सामाजिक सञ्जाल कम्पनी मेटाले र्‍यापर कान्ये वेस्टलाई इन्स्टाग्राम प्रयोगमा प्रतिबन्ध लगाएको छ । मेटाले उनको इन्स्टाग्राम एकाउण्टमा भएको पोस्ट पनि हटाइदिएको छ । यद्यपि उनको इन्स्टाग्राम खाता भने अझै देखिएको छ । कुनै प्रयोगकर्ताले आफ्नो नीतिलाई बारम्बार उल्लंघन गरेमा मेटाले उसको एकाउण्टमा प्रतिबन्ध लगाउँछ । मेटाले कान्येले पोस्ट गरेको कुन सामाग्रीका लागि प्रतिबन्ध लगाएको हो भन्ने केही जानकारी दिएको छैन । उसले कति समयसम्म प्रतिबन्ध लगाउने हो भन्ने पनि खुलाएको छैन ।




सोमबार, २४ असोज २०७९ (Monday, October 10, 2022)


# चलचित्र 'महापुरुष' टिमले भ्रमण गर्दै




चलचित्र महापुरुष टिमले मोफसल टुर गर्ने भएको छ । प्रमोसनल टुरमा हरिवंश आचार्य, राजाराम पौडेल, गौरी मल्ल, रबिन्द्रसिंह बानियाँ, अरुण क्षेत्री, अञ्जना बराइली, कमेडियन सुमन कार्की, गायक निशान भट्टराई रहेका छन् ।

केही स्थानमा मदनकृष्ण श्रेष्ठ पनि सहभागी हुने सेड्युल रहेको तथा हाँस्य, संगीत सहितको प्रस्तुति रहने कलाकारसँगै कार्यकारी निर्माता रवीन्द्रसिंह बानियाँले बताए । 'हामीले महाभ्रमणमा मनोरञ्जनात्मक कार्यक्रम तयारी गरेका छौं । हामी फिल्मबारे दर्शकलाई विभिन्न प्रस्तुतिमार्फत जानकारी दिनेछौं,' उनले भने ।

बानियाँका अनुसार भ्रमणअन्तर्गत २५ असोजमा विर्तामोडस्थित वान स्टप मल, २६ गते इटहरीमा जनता प्राविको मैदान र विराटनगरको सेन्ट्रल मल, २७ गते हेटौडाको हुप्र चौर, २८ गते नारायणगढको नारायणी नदी किनार, २९ गते बुटवलको अमरपथमा रहेको टक्सार कम्प्लेक्स अगाडि र ३० असोजमा पोखराको हलन चोकमा भेटघाट तथा प्रस्तुति हुनेछ । 'दर्शकसँग साक्षात्कार गर्दै फिल्मबारे जानकरी दिनु आतुर छु,' आचार्यले भने । भ्रमणमा सुमन कार्कीले हाँस्य प्रस्तुति दिनेछन् भने निशान भट्टराईले सांगीतिक ।

सामाजिक विषयवस्तुमा आधारित फ्यामिली ड्रामामा हरिवंशसँगै मदनकृष्ण श्रेष्ठ, रबिन्द्रसिंह बानियाँ, राजाराम पौडेल, शिखा तामाङ, कोपिला थापा, शिरु विष्ट, कविता श्रेष्ठ, नरेन्द्र कंसाकार, सविन बास्तोला, नरेश पौड्याल, प्रेम पाण्डे, सुमन रिमाल, माधव अधिकारी, प्रकाश भट्टराई, घनश्याम जोशी, अर्जुन आचार्य, पण्डित प्रज्वल लुइँटेल लगायतको अभिनय रहेको छ ।

यही फिल्ममार्फत अरुण क्षेत्री र अञ्जना बराइलीले डेब्यु गर्दैछन् । यसमा निर्देशक भट्टराईकै लेखन रहेको छ । फिल्ममा दीपक बज्राचार्यले छायांकन, मित्र डी. गुरुङले सम्पादन गरेका हुन् । यही फिल्मबाट कवि नवराज पराजुलीले गीतकारको रूपमा फिल्ममा डेब्यु गरेका छन् ।

■ प्रभाव संवाददाता

**काठमाडौं–** अभिनेता हरिवंश आचार्यले फेसबुक ग्रुप एमआरआरसँग दसैंको शुभकामना साटासाट गरेका छन् । युवाहरूको विचार र सद्भाव राख्ने ग्रूपको रूपमा परिचित एमआरआरका युवाहरूलाई शनिबार आयोजित कार्यक्रममा दसैं टीका लगाउँदै आशीर्वाद दिएका हुन् ।

आपसी सद्भाव र सामीप्यताका लागि युवाहरूले वर्षेनी कार्यक्रम आयोजना गर्ने गरेका छन् । 'दसैंको टीका युवाहरूसँगै मनाउन पाउँदा खुसी लागेको छ । उहाँहरू विचार र सोचले समाजमा प्रभाव पार्नेछ,' अभिनेता आचार्यले भने ।

# छविले दिए रेखालाई जितको शुभकामना

■ प्रभाव संवाददाता



**काठमाडौं–** चलचित्र निर्माता छवि ओझाले कलाकारसमेत रहेकी राप्रपा नेतृ रेखा थापालाई प्रतिनिधिसभा सदस्यमा जितको शुभकामना दिएका छन् ।

आगामी ४ मंसिरमा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि आइतबार मोरङ ३ मा उम्मेदवारी दर्ता गरेकी रेखालाई छविले जितको शुभकामना दिएका हुन् ।

पूर्वपतिसमेत रहेका छविले रेखाको साहस, आँट र नेतृत्वदायी क्षमतालाई आफूले नजिकबाट चिनेको बताएका छन् ।

रेखाको राजनीतिक यात्रा सफल रहनेमा विश्वस्त रहेका छविले चलचित्रमार्फत नारी आवाजलाई बुलन्द गर्दै दशौं वर्षसम्म शीर्ष स्थानमा रहन सफल, क्रान्तिकारी मान्यता बोकेकी आँटिली हिम्मतवाली नायिकाको रूपमा चित्रण गर्दै रेखालाई जितको शुभकामना दिएका हुन् ।

रेखासँग सम्बन्धविच्छेद गरी छविले शिल्पा पोखरेलसँग विवाह गरेका थिए । तर, शिल्पासँग सम्बन्ध धेरै समय टिकेन । तर, उनै छविले पूर्वपत्नी रेखालाई जितको शुभकामना दिएका हुन् ।

# गीतसंगीतको प्रवर्द्धन गर्न इभेन्ट हुने

**काठमाडौं (प्रस)–** सूर्य कर्पोरेशनले विदेशी भूमिमा नेपाली फिल्म र गीतसंगीतलाई समेटेर अवार्ड गर्ने भएको छ । यहाँ आयोजित पत्रकार सम्मेलनमा कर्पोरेशनका अध्यक्ष वासुदेव लामिछानेले अष्ट्रेलिया र अन्य देशमा कार्यक्रम हुने जानकारी दिए । अध्यक्ष लामिछानेले नेपाली फिल्म र गीतसंगीतको प्रवर्द्धन गर्न इभेन्ट आयोजना गर्न लागिएको बताए । उनले कार्यक्रम यही वर्षदेखि २०२३ को अन्त्यसम्ममा सम्पन्न हुने बताए । 'हामीले कलाकारसँग सम्झौता गर्दा नै दुई वर्षको समय भनेका छौं । हामी अन्य नेपाली फिल्म र गीतसंगीतको कार्यक्रम हुने विदेशी स्थानमा कार्यक्रम गर्दैछौं,' उनले भने ।

कार्यक्रममा गायक प्रशान्त तामाङ, कमल खत्री गायिका मिलन नेवार, समीक्षा अधिकारी, मेलिना मैनाली, हास्यकलाकार सन्दिप क्षेत्री, अभिनेत्री नम्रता सापकोटा, अभिनेता तथा मोडल प्रशान्त ताम्राकार र गीतकार तथा सञ्चारकर्मी नरेश भट्टराई सहभागी हुनेछन् ।

हास्यकलाकार सन्दीप क्षेत्रीले यो टीमसँग सुरुवाती समय देखि नै जोडिएकोले कार्यक्रम राम्रो हुने बताए । 'मलाई व्यावसायिक पाटो त थाहा छैन । यद्यपि नेपाली गीतसंगीतको लागि उहाँहरूले गरिरहनुभएको मेहनत प्रशंसनीय छ । यसपटक पुराना अनुभवले अझैं परिपक्व हुनेमा विश्वत छु,' कलाकार क्षेत्रीले भने । साकुरा नाइट, सूर्य फिल्म अवार्ड लगायतको कार्यक्रम जापानमा यस अगाडि नै अध्यक्ष लामिछानेले गरिसकेको जनाइएको छ ।

## रंगशाला

### यू-१७ एसियन कप छनोट

# नेपाल जितविहीन



■ प्रभाव संवाददाता

**काठमाडौं–** एएफसी यु-१७ एसियन कप छनोट २०२३ मा नेपाल जितविहीन बनेको छ । आइतबार सम्पन्न समूह एफको अन्तिम खेलमा १० खेलाडीमा सीमित नेपाल चाइनिज ताइपेइसँग ४-२ अन्तरले पराजित भयो ।

चाइनिज ताइपेको जितमा ताई यान याओले दुई गोल गरे । यस्तै, लिन हाइ चिङ र लु इन थिङ एक एक गोल गरे । नेपालको लागि प्रशान्त लक्षम र धनसिंह विकले समान एक एक गोल गरे ।

खेलको तेस्रो मिनेटमै स्ट्राइकर लिन हाइ चिङले गरेको गोलमा चाइनिज ताइपेइले अग्रता लिएको थियो । नवौं मिनेटमा कप्तान प्रशान्त लक्ष्यमको गोलमा नेपाल खेलमा १-१ को अवस्थामा फर्कियो । २८औं मिनेटमा ताई यान याओको गोलमा ताइपेइले पुनः अग्रता लियो ।

६१औं मिनेटमा धन सिंह विकको गोलमा नेपाल खेलमा फर्किएको थियो । ७९औं मिनेटमा रक्षक दीपक थापा मगर दोस्रो पहेँलो कार्डको दर्शन गर्दै मैदानबाट बाहिरिएसँगै नेपालले १० खेलाडीमा सीमित हुँदै खेलको अन्त्य गरेको थियो । ८०औं मिनेटमा लु इन थिङको फ्रिकिक गोलमा ताइपेईले अग्रता ३-२ मा पुऱ्याएको थियो । ८९औं मिनेटमा ताई यान याओले ताइपेईका लागि चौथो गोल गरे ।

लगातार दुई खेलमा पराजित भएसँगै छनोट चरण पार पर्ने नेपालको लक्ष्यमा पूर्णविराम लागिसकेको थियो । त्यसैले नेपालसामु चाइनिज ताइपेइविरुद्धको खेलमा जितसहित प्रतियोगितामा सुखद अन्त्य गर्ने अवसर थियो । जसमा नेपाल चुक्यो ।

पहिलो खेलमा थाइल्यान्डलाई ३-० को नतिजा सुम्पिएको नेपालले दोस्रो खेलमा घरेलु टोलीलाई ५-० को नतिजा सुम्पिएको थियो ।

यता चाइनिज ताइपेइ भने प्रतियोगितामा सुखद अन्त्य गर्न सफल भएको छ । पहिलो खेलमा भियतनामसँग ४-० ले पराजित भएको चाइनिज ताइपेइले दोस्रो खेलमा थाइल्यान्डलाई ३-१ को नतिजा सुम्पिएको थियो ।

समूह 'एफ' मा भियतनाम दुई खेलमा दुई जितपछि ६ अंकसहित शीर्ष स्थानमा छ भने समान खेलमा दोस्रो स्थानको थाइल्यान्डको समान ६ अंक छ । तेस्रो स्थानको चाइनिज ताइपेइको तीन अंक रह्यो भने नेपाल तीन खेलमा अंकविहीन रह्यो । आजै हुने थाइल्यान्ड र भियतनाबीचको खेलले समूह एफको विजेताको टुंगो लगाउने छ ।

छनोट चरणमा सहभागी ४४ टोलीलाई १० समूहमा विभाजन गरिएको छ । प्रत्येक समूहको शीर्ष स्थानमा रहने टोली स्वतः एसिया कपमा छनोट हुनेछ । त्यस्तै उत्कृष्ट ६ उपविजेता टोलीले पनि एसिया कपको टिकट काट्नेछ ।

**नवौं राष्ट्रिय खेलकुद ह्याण्डबल**

## पुरुषतर्फ गण्डकी र आर्मी भिड्दै

**पोखरा (प्रस)–** नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताअन्तर्गत आज (सोमबार) बाट सुरु हुने पुरुष ह्याण्डबलतर्फ आयोजक गण्डकी प्रदेश र नेपाल आर्मी भिड्ने भएका छन् ।

राष्ट्रिय खेलकुद परिक्षद प्राविधिक उपसमिति र नेपाल ह्याण्डबल संघले जारी गरेको खेल तालिका अनुसार सोमबार बिहान ८:०० बजे हुने खेलमा गण्डकी र आर्मी भिड्ने भएका हुन् । आठौं राष्ट्रिय खेलकुदमा गण्डकी स्वर्ण पदक विजेता रहेको थियो भने नेपाल आर्मीले कास्य पदक जितेको थियो ।

नवौं राष्ट्रिय खेलकुद अन्तर्गत २० औं राष्ट्रिय पुरुष तथा ११ औं महिला राष्ट्रिय ह्याण्डबल प्रतियोगिताको खेल तालिका अनुसार समुह ए मा गण्डकी, बाग्मती, मधेश प्रदेश, आर्मी र कर्णाली प्रदेश रहेका छन् भने सुमह बि मा एपिएफ, लुम्बीनी, प्रदेश नं १ र सुदूरपश्चिम रहेका छन् । त्यसै गरी महिला तर्फ समुह ए मा एपिएफ, लुम्बिनी, सुदूरपश्चिम र गण्डकी तथा समुह बि मा नेपाल आर्मी, प्रदेश नं १, बाग्मती, मधेश प्रदेश र कर्णाली प्रदेश रहेका छन् ।

नेपाल ह्याण्डबल संघका महासचिव सन्देश रेग्मी अनुसार उद्घाटन खेल सोमबार दिउँसो ३ बजे हुनेछ । पोखरा रंगशालास्थित बहुउद्देश्यिय कभर्डहलमा आयोजना हुने नवौं राष्ट्रिय अन्तर्गत सोमबार महिला र पुरुषका गरी ८ वटा खेल सञ्चालन हुनेछन् । नवौं राष्ट्रियमा ह्याण्डबल खेल असोज २९ गते सम्म सञ्चालन हुनेछ ।

# एन्फा कार्यसमिति बैठक बोलाउन केन्द्रीय सदस्यको माग

■ प्रभाव संवाददाता

**काठमाडौं–** अखिल नेपाल फुटबल संघ (एन्फा)का बहुमत केन्द्रिय सदस्यले कार्यसमिति बैठक बोलाउन माग गरेका छन् ।

विभिन्न ६ वटा एजेण्डाको माग गर्दै एन्फाका बहुमत केन्द्रिय सदस्यले कार्यसमिति बैठक बोलाउन अध्यक्ष पंकजबिक्रम नेम्वाङसँग आग्रह गरेका छन् ।

उपाध्यक्षत्रय विराजजंग शाही, दिपक खतिवडा र दिर्घबहादुर केसी (कुमार) सहित महेन्द्र क्षेत्री, मनिराज विष्ट, मनिक्ष जोशी, रूपेश अधिकारी, भरतबहादुर बुढ थापा, रविन्द्र चन्द, रमेश ब्यञ्जनकार, सरिला श्रेष्ठ र टिका लामाले हस्ताक्षर सहित विधानको धारा ३९ को (२) बमोजिम बैठकको माग गरेका हुन् ।

एन्फा विधानमा एक तिहाई पदाधिकारीले कार्यसमिति बैठक माग गरेमा अध्यक्षले २१ दिनभित्र बोलाउनुपर्ने व्यवस्था छ ।

बहुमत केन्द्रिय सदस्यले एएफसी कांग्रेसमा नेपालको प्रतिनिधित्व तथा प्रस्तावित प्रतिनिधि तथा उम्मेदवारको सम्बन्धमा, फिफा कांग्रेसमा एन्फाको प्रतिनिधित्व गर्ने बारे, विधान अनुसार विभिन्न पदाधिकारी नियुक्ति र आवश्यक समिति गठन, मार्चमा हुने फिफा कांग्रेसमा एन्फाको प्रतिनिधित्व बारे, नेपालले प्राप्त फिफा विश्वकपको टिकटबारे र राष्ट्रिय लिग तथा सहिद स्मारक लिगको बारेमा निर्णय गर्नुपर्ने भएका कारण बैठक बोलाउन माग गरेका छन् ।

एएफसीको कार्यसमिति सदस्यमा गुपचुप रूपमा एन्फा अध्यक्ष नेम्वाङ उम्मेदवार बन्ने निर्णयको विरुद्धमा एन्फामा नयाँ विवाद सिर्जना भएको छ । एन्फाका बहुमत केन्द्रिय सदस्यले नेम्वाङको उम्मेदवारी रद्ध गर्न माग गर्दै एएफसीमा पत्र पठाएका छन् ।

# इंग्ल्यान्डद्वारा अस्ट्रेलिया पराजित

**सिड्नी –** पाहुना टोली इंग्ल्यान्डले पहिलो टी-ट्वान्टीमा अष्ट्रेलियालाई हराएको छ ।

पर्थ क्रिकेट मैदानमा आइतबार भएको खेलमा इंग्ल्यान्ड ८ रनले विजयी भएको हो । जितसँगै इंग्ल्यान्डले ३ खेलको टी-ट्वान्टी अन्तराष्ट्रिय सिरिजमा १-० को अग्रता बनाएको छ ।

पाहुना टोलीले दिएको २ सय ९ रनको लक्ष्य पट्याएको घरेलु टोलीले २० ओभरमा ९ विकेट गुमाएर २ सय रन मात्र बनाउन सक्यो ।

घरेलु टोलीका लागि डेबिड वार्नरले ७३ रनको अर्धशतकीय ईनिङ खेले । मिचेल मार्शले ३६ तथा मार्कस स्टोईनसले ३५ रन बनाए । म्याथ्यु वेडले २१ तथा कप्तान आरोन फिन्चले १२ रन बनाए ।

पाहुना टोलीका लागि मार्क उडले ३ तथा रिच टोप्ले र साम करनले २/२ विकेट लिए । आदिल रसिदले १ विकेट लिए । त्यसअघि पहिले ब्याटिङ गरेको भ्रमणकारी टोलीले २० ओभरमा ६ विकेट गुमाएर २ सय ८ रन बनाएको थियो । उसका लागि एलेक्स हेल्सले ८४ तथा कप्तान जोस बटलरले ६८ रन बनाएका थिए ।



क्रिस वोक्सले अविजित १३ तथा ह्यारी ब्रुक्सले १२ रन बनाएका थिए । मोईन अलिले १० तथा बेन स्टोक्सले ९ रन बनाए । अष्ट्रेलियाका लागि नेथन एलिसले ३ तथा डेनियल साम्स,मार्कस स्टोईनस र केन रिचर्डसनले समान १/१ विकेट लिए । दुई टोलीबीचको दोस्रो खेल बुधबार रहेको छ ।

श्रीलंकालाई राष्ट्रसंघको आग्रह

# भ्रष्टाचारविरुद्ध मुद्दा चलाऊ

**जेनेभा–** संयुक्त राष्ट्रसंघीय मानवअधिकार परिक्षद्ले बिहीबार पारित गरेको प्रस्तावमा श्रीलंकालाई आर्थिक संकट समाधान गर्न र सरकारी अधिकारीहरूद्वारा भएको भ्रष्टाचारविरुद्ध मुद्दा चलाउन आह्वान गरेको छ ।

संयुक्त राष्ट्रसंघको सर्वोच्च अधिकार निकायले दक्षिण एसियाली टापु राष्ट्रमा आफ्नो ध्यान केन्द्रित गर्न २०-७ मत दिएको थियो । श्रीलंकाका विदेशमन्त्री अली साब्रीले जेनेभास्थित चेम्बरलाई कोलम्बोले उक्त धारालाई 'स्पष्ट रूपमा अस्वीकार' गरेको बताएका छन् ।

उक्त प्रस्तावमा श्रीलंका सरकारलाई 'सार्वजनिक र पूर्वसरकारी अधिकारीहरूले गरेको कार्यलगायत भ्रष्टाचारको अनुसन्धान र आवश्यक परेमा मुद्दा चलाएर जारी आर्थिक संकटलाई सम्बोधन गर्न' आग्रह गरिएको छ ।

परिक्षद्ले आर्थिक संकटको मानवअधिकारमा प्रभाव, शान्तिपूर्ण आन्दोलनमा सहभागी प्रदर्शनकारीहरूविरुद्धको हिंसाप्रति चिन्ता व्यक्त गर्दै सबै अधिकार उल्लंघन र दुर्व्यवहारका लागि 'व्यापक जवाफदेही प्रक्रिया'का लागि आह्वान गरेको छ । १९ बुँदे प्रस्ताव ३७ वटा युरोपेली मुलुकले अघि सारेका थिए ।

श्रीलंकाको दुई करोड २० लाख जनसंख्याले खाद्यान्न, इन्धन र औषधिको चरम अभावका साथै अति मुद्रास्फीति र लामो समयसम्म विद्युत् अवरुद्ध भएको छ । श्रीलंकामा विदेशी मुद्राको अभाव भएको थियो र अप्रिलको मध्यमा यसको ५१ अर्ब अमेरिकी डलरको विदेशी ऋण तिर्न नसकेपछि आर्थिक संकटको प्रस्ट उजागर भएको थियो । त्यसयता उसले अन्तर्राष्ट्रिय मुद्रा कोषबाट कर्जा सहयोगका लागि वार्ता गरिरहेको छ ।

यस संकटका कारण व्यापक विरोध प्रदर्शन भएको थियो । राष्ट्रपति गोटाबाया राजापाक्षेलाई जुलाईको मध्यमा आन्दोलनले असफल व्यवस्थापन र भ्रष्टाचारको आरोप लगाउँदै पदच्युत गरेको थियो । नयाँ राष्ट्रपति रनिल विक्रमासिंघेले राजापाक्षलाई सत्ताच्युत गर्ने र आतंकवाद निवारण ऐनको प्रयोग गरी तीन विद्यार्थी नेतालाई हिरासतमा राख्ने प्रदर्शनकारीविरुद्ध कडा कदम चालेका छन् । साब्रीले व्यक्तिगतरूपमा जेनेभामा श्रीलंकालाई 'नो' भोटको लागि मुद्दा बनाएका थिए ।

'हामी कडारूपमा खेद व्यक्त गर्दछौं,' उनले भने, 'यो अत्यन्त खेदजनक छ किनकि यो संकल्प प्रस्ताव श्रीलंकामा पुनःस्थापित संस्थागत र राजनीतिक स्थिरतालाई बेवास्ता गर्दछ ।'

अर्जेन्टिना, बेलायत, फ्रान्स, जर्मनी, मेक्सिको, दक्षिण कोरिया, युक्रेन र संयुक्त राज्य अमेरिकाले प्रस्तावको समर्थन गरेका थिए । चीन, क्युबा, इरिट्रिया र पाकिस्तानले 'नो' मा मतदान गरेका थिए । ४७ सदस्यीय परिक्षद्मा ब्राजिल, भारत, इण्डोनेसिया र जापानसहित २० राष्ट्रले मतदानमा भाग लिएनन् ।

प्रस्तावमा 'सैन्यीकीकरणलाई गहिरो बनाउने, शासनमा जवाफदेहिताको अभाव र गम्भीर मानवअधिकार उल्लंघन तथा दुर्व्यवहारका लागि दण्डहीनता' लगायत संकटका मूल कारणहरूलाई सम्बोधन गर्नुपर्ने महत्त्वमा जोड दिइएको छ ।

परिक्षद्ले संकटको मानवअधिकारको प्रभावप्रति चिन्ता व्यक्त गर्दै शान्तिपूर्ण प्रदर्शनकारी र सरकारी समर्थकहरूविरुद्ध हुने हिंसाका लागि भूमिका रहेका व्यक्तिहरूलाई जिम्मेवार ठहऱ्याउन आह्वान गरेको छ ।

यसले मानवअधिकार उल्लंघन र दुर्व्यवहारका लागि 'व्यापक जवाफदेहिता प्रक्रिया'का लागि आह्वान गरेको छ र गम्भीर उल्लंघनका लागि भविष्यमा जवाफदेहिताका लागि प्रमाण संकलन गर्न संयुक्त राष्ट्रसंघीय अधिकार कार्यालयको क्षमता विस्तार गरेको छ । नागरिक समाजप्रति प्रतिबद्धता, राजनीतिक, आर्थिक तथा सामाजिक निगरानी, असुरक्षा र प्रतिशोधको खतराबाट मुक्त गर्न कोलम्बोलाई एक सुरक्षित वातावरण सुनिश्चित गर्न आह्वान गरेको छ । *रासस/एएफपी*

# अमेरिकी प्रतिबन्धले नागरिकको स्वास्थ्यमा असर गरेको इरानको दाबी



**तेहरान–** संयुक्त राज्य अमेरिकाले इरानमाथि लगाएको प्रतिबन्धका कारण सबै इरानी नागरिकको जीविकोपार्जन, रोजगारी र स्वास्थ्यमा असर परेको इरानले दाबी गरेको छ ।

इरानी विदेश मन्त्रालयका प्रवक्ता नासेर कनानीले वासिङ्टनले लगाएको अन्धाधुन्ध प्रतिबन्धका कारण इरानी अधिकारी र सर्वसाधारणसमेत निशानामा परेको र यसले उनीहरूको जीविकोपार्जन, रोजगारी र स्वास्थ्यमा असर पारेको बताएका छन् ।

कनानीले इन्स्टाग्राममार्फत गरेको सन्देशमा लेखेका छन्, 'हरेक दिन एउटा बहानामा इरानविरुद्ध प्रतिबन्धको नयाँ सूची जारी गरिन्छ । यसपटक इरानी गृहमन्त्री, सञ्चारमन्त्री र अन्य पाँच इरानी अधिकारीलाई अमेरिकी सरकारले प्रतिबन्ध लगाएको छ ।'

एपिडर्मोलिसिस बुलोसा (इबी)बाट पीडित बालबालिकासमेतलाई 'एकपक्षीय, गैरकानुनी, अन्यायपूर्ण प्रतिबन्ध'बाट छुट दिइएको छैन ।

बिहीबार अमेरिकी वित्त विभागले राजधानी तेहरानमा प्रहरी हिरासतमा एक युवतीको मृत्युपछि 'विरोध प्रदर्शनलाई दबाएको' भन्दै इरानका आन्तरिक तथा सञ्चारमन्त्री क्रमशः अहमद वाहिदी र इसा जारेपोर तथा अन्य पाँच इरानी सुरक्षा अधिकारीहरूविरुद्ध नयाँ प्रतिबन्ध जारी गरेको थियो । *रासस/सिन्ह्वा*


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AMBI RESTAURANT COMPANY

पुर्व स्वीकृति मिति २०७९/०६/२३ | LT No.272997 | चलानी नं. ६०१८८७३७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KWD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BURGER MAKER | 04 | 0 | 140 | ५९,८५३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ असोज ३१ गते (17th Oct. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १३६३/०७४/०७५

**INSPIRE INTERNATIONAL EMPLOYMENT PVT.LTD.**

Airport, Shambhu marg-4, Kathmandu,Nepal Phone: (+977) 4112800, 4498248, Email: inspireintemp@gmail.com

## FREE VISA, FREE TICKET !!!!
## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ETIMAD MAINTENANCE AND OPERATION COMPANY

पूर्व स्वीकृति मिति २०७७/१२/०१ | पुन विज्ञापर्न स्वीकृति मिति २०७९/०६/१४ | LT. No. 237259 | चलानी नं. ६०१५५४५२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Labour | 2 | 0 | 1000 | ३५,०७१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ असोज ३१ गते (17th Oct. 2022) मा हुनेछ

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १०५०/०७३/०७४

**EARTH SMART HUMAN RESOURCES NEPAL PVT.LTD.**

Sinamangal, Kathmandu-9, Phone No. +977-01-4574652, 4574653, Website: www.earthsmart-nepal.com Email : earthsmartnepal1050@gmail.com

## मलेसियामा वैदेशिक रोजगारीको अवसर

कम्पनी : FOODTELLER SDN. BHD.

पूर्वस्वीकृति मितिः २०७९/०६/१७ | पुनः स्वीकृति मितिः २०७९/०६/२३ | LT. No. 272884 | चलानी नं. ६०१८८६९९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Operator | 10 | 0 | 1500 | ४२,८६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : KILANG SAWIT LEMBING SDN BHD

पूर्वस्वीकृति मितिः २०७९/०६/१६ | पुनः स्वीकृति मितिः २०७९/०६/२३ | LT. No. 272887 | चलानी नं. ६०१८८७००

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GENERAL WORKER | 30 | 0 | 1500 | ४२,८६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा मिति २०७९ असोज ३१ गते (17th Oct. 2022) हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Mass Human Resource Pvt. Ltd.** Govt. License 938/067/068

Samakhusi, Ktm, Nepal, TEL: + 977-1-4983080, 4983088, 4955765, 9851195403

## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SNL WOODS SDN. BHD.

पुर्व स्वीकृति मिति २०७९/०४/१६ | पुन : विज्ञापन स्वीकृति मिति २०७९/०६/२३ | LT. No. 268458 | चलानी नं.६०१८४३४०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 37 | 0 | 1500 | ४२,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : KIMTAITI INDUSTRIES SDN.BHD.

पुर्व स्वीकृति मिति २०७९/०३/१३ | पुन : विज्ञापन स्वीकृति मिति २०७९/०६/२३ | LT. No. 265816 | चलानी नं.६०१८४३२३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 17 | 0 | 1500 | ४२,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : SIM YANG HOK INDUSTRIES SDN BHD

पुर्व स्वीकृति मिति २०७९/०३/१४ | पुन : विज्ञापन स्वीकृति मिति २०७९/०६/२३ | LT. No.266059 | चलानी नं.६०१८४३२५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 25 | 0 | 1500 | ४२,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ असोज ३१ गते (17th Oct. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कःनिःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Himalayan Human Resources Nepal Pvt. Ltd.**

श्रम ईजाजत नं. ४५१/०६०/०६१

Tokha-5, Basundhara Chowk, Nepal, Tel: 01-4354342, Mob: 9803089086, 9823348542, 9841206595 E-mail : hrnhimalayan@gmail.com Website : www.hrnhimalayan.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : THE BOX WLL

पुर्व स्वीकृति मिति २०७९/०६/१४ | LT. No. 272833 | चलानी नं. ६०१८८६८७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook | 0 | 01 | 1400 | ५०,९६० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | GENERAL CLEAN WORKER | 01 | 0 | 1000 | ३६,४०० | | | | | | | |
| 3 | Waiter | 03 | 0 | 1400 | ५०,९६० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः असोज २१ गते (17th Oct. 2022)मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः१०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**DESTINY HR GROUP (P) LTD** (Wide Range H.R. Pvt. Ltd) श्रम ईजाजत नं. १५५२/०७९/०८०

Tinkune, Kathmandu, Nepal. Phone: 01-5913085, 01-5914085 Mobile: 9851164801, Email: destinyhrgrp2079@gmail.com

## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : VITAL HEALTHCARE SDN.BHD.

पूर्व स्वीकृति मिति : २०७९/०३/२१ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/०६/२३ | LT. No. 266463 | चलानी नं.६०१८१६१२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 10 | 20 | 1500 | ४२,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाण्डौ, मितिः असोज ३१ गते (17th Oct. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Api Manpower Solutions Pvt Ltd**

Lic No. 1115/073/074

Kusunti-14, Lalitpur, Nepal Tel:+977-01-5554927, 5554928 E-mail: info@apimanpower.com, apimanpowers@gmail.com Website : www.apimanpower.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : AEON CO. (M) BHD

पूर्व स्वीकृति मिति : २०७९/०६/२३ | LT. No. 272834 | चलानी नं. ६०१८८७३०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | SHELF FILLER | 100 | 0 | 1500 | ४२,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : Evergreen Frame Moulding (M) Sdn Bhd

पूर्व स्वीकृति मिति : २०७९/०६/१५ | LT. No. 272099 | चलानी नं. ६०१८८६४५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | FACTORY WORKER | 29 | 0 | 1500 | ४२,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ असोज ३१ गते (17th Oct. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Ever Bright Overseas Pvt.Ltd.**

श्रम इजाजत नं. १४६५/०७४/०७५

Sambhu Margal–09 Kathmandu, Nepal, Tel: +977-01-5911758, 5911759, Mob No: +977-9801836213, Email: everbrightoverseas123@gmail.com, Web: www.everbrightoverseas.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : GOLD LI DEVELOPMENT SDN. BHD.

पूर्व स्वीकृति मिति २०७९/०६/२१ | LT. No. 273023 | चलानी नं. ६०१८८७१८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Workers | 70 | 0 | 1500 | ४२,८६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : PEKA AZAMAT SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०६/२१ | LT. No. 272940 | चलानी नं. ६०१८७६५४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plantation Worker | 20 | 0 | 1500 | ४२,८६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ असोज ३१ गते (17th Oct. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कःनिःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**SWIFT H.R. SOLUTION PVT. LTD.**

श्रम ईजाजत नं. ११९७/०७३/०७४

Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820 Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञानज्योति पुस्तक पसल – बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी– विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला - ९३,००० | प्रति तोला - ९२,५०० | प्रति तोला - ११७० |

## डलरको मूल्य अकासियो




**काठमाडौं (प्रस)–** अमेरिकी डलरको मूल्य लगातार उकालो लागेको छ। यसबाट नेपाली मुद्रा थप कमजोर बन्न पुगेको छ। नेपाल राष्ट्र बैंकका अनुसार एक अमेरिकी डलरको खरिददर एक सय ३२ रूपैयाँ ४२ पैंसा रहेको छ भने बिक्रीदर एक सय ३२ रूपैयाँ दुई पैसा तय गरिएको छ।

अमेरिकी डलरको मूल्य लगातार उकालो लाग्दा मुलुकको अर्थतन्त्रमासमेत नकारात्मक असर पर्ने अनुमान गरिएको छ। विप्रेक्षण आप्रवाहमा सकारात्मक प्रभाव पर्ने भए पनि अन्य क्षेत्रमा भने नकारात्मक असर पर्नेछ। मूल्य वृद्धिका अलावा, विदेशी परामर्शदातालाई दिनुपर्ने भुक्तानी, राज्यले विदेशी दातृ निकायलाई तिर्नुपर्ने ऋणको सावा तथा ब्याजको भुक्तानीमा समेत नकारात्मक असर पर्नेछ। कोरोनाका कारण पर्यटकको आवागमनसमेत उल्लेख्य मात्रामा वृद्धि हुन नसक्दा डलरको मूल्यवृद्धिले थप संकट पैदा गर्नेछ।

नेपाली मुद्रा र भारतीय मुद्राबीच स्थिर विनिमय दर भएकाले पनि डलरको मूल्यमा असर परेको हो। भारतीय रूपैयाँ कमजोर हुँदा त्यसको असर नेपाली मुद्रामासमेत पर्न गएको छ।



**माटाका भाँडा** | सप्तरीको तिलाठी कोइलाडी गाउपालिकाको सडेपारमा साइकलमा माटाका भाँडा बेच्नका लागि बजारतर्फ लगिँदै। *तस्बिरः अरूणकुमार यादव/रासस*

# दसैंपछिको पहिलो कारोबारमा उछालियो नेप्से

## ४४ अंकले परिसूचक बढ्दा ८३ करोडको कारोबार

■ प्रभाव संवाददाता

**काठमाडौं–** मुलुकभर प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनका लागि उम्मेदवारी दर्ता भइरहेको बेला धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचकमा पनि उच्च अंकको वृद्धि भएको छ। नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक ४४ दशमलव ६२ अंकले उकालो लागेर एक हजार आठ सय ९८ दशमलब ३८ मा पुगेको छ।

यस्तै, ठूला कम्पनीको सेयर कारोबारमापन गर्ने सेन्सेटिभ परिसूचक आठ दशमलब ७८ अंकले उकालो लागेर तीन सय ७२ दशमलब २१ मा पुगेको छ। कूल दुई सय २४ कम्पनीको २५ लाख ३३ हजार तीन सय ९३ कित्ता सेयर रु ८३ करोड ६८ लाख ७३ हजार एक सय ४० मूल्यमा कारोबार भयो।

नेप्से परिसूचकमा उच्च अंकको वृद्धि भए पनि कारोबार रकममा भने प्रगति हुन नसकेको कारोबारबाट देखिन्छ। नेप्सेका अनुसार कारोबार भएका १३ वटै उपसमूहको सेयर मूल्यमा वृद्धि भएको छ। जीवन बिमा, विकास बैंक, निर्जीवन बिमा, लघुवित्त र उत्पादन उपसमूहको सेयर मूल्यमा उल्लेख्य वृद्धि भएको छ।

आइतबारको कारोबारपछि कूल पुँजीकरण रु २७ खर्ब २८ अर्ब ५५ करोड २० लाख ६० हजार दुई सय २२ बराबर कामय भएको छ। नेप्सेका अनुसार, हिमालयन एभरेष्ट इन्स्योरेन्स कम्पनी शीर्ष स्थानमा छ। सो कम्पनीको रु २२ करोड ६९ लाख ८१ हजार सात सय ४४ बराबरको कारोबार भएको छ।




नबिल बैंक रु तीन करोड ५१ लाख ९८ हजार चार सय २९, हिमालयन डिस्टिलरी रु दुई करोड ३१ लाख ४४ हजार पाँच सय ७१, अपि पावर कम्पनी रु एक करोड ८९ लाख १७ हजार दुई सय ६९ र शिवम् सिमेन्टको रु एक करोड ७७ लाख ८४ हजार दुई सय ५४ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भए। नेप्सेका अनुसार, सप्तकोसी डेभलपमेन्ट बैंक नौ दशमलब ९५, उपकार लघुवित्त नौ दशमलब ८४, गुह्यश्वरी मर्चेन्ट बैंक आठ दशमलब ७०, मितेरी डेभलपमेन्ट बैंक आठ दशमलब २३ र एक्सेल डेभलपमेन्ट बैंकका लगानीकर्ताले सात दशमलब ९७ प्रतिशतले कमाएका छन्।

यस्तै, ग्लोबल आइएमई ब्यालेन्स फण्ड एक चार दशमलब ४८, आरबिबी म्युचुअल फण्ड एक एक दशमलब ९७, सिद्धार्थ यन्भेस्टमेन्ट ग्रोथ स्किम एक दशमलब ९६, सिटिजन म्युचुअल फण्ड एक एक दशमलब ८३ र नबिल ब्यालेन्स फण्ड दोस्रोका लगानीकर्ताले एक दशमलब ८० प्रतिशतले गुमाएका छन्।

# मलेसियाबाट फर्किएर व्यावसायिक किवी खेती

■ प्रभाव संवाददाता

**खोटाङ–** मलेसियाको बसाई, सेक्यूरिटी गार्डको काम। खोटाङको दिप्रुङ चुईचुम्मा गाउँपालिका-५ छितापोखरी गोगनेका राजेश थापा मगरलाई ड्यूटीको क्रममा कुनै दिन एक छिन फुर्सद मिल्दैनथ्यो। कामको चाप कम भएको दिन भने समय कटाउन 'बोर' हुन्थ्यो। तर, उनले फुर्सदको समयलाई खेर फालेनन्। साथमा भएको ल्यापटप खोलेर बिश्वका महंगो र पोक्षिलो फलफुलका बारेमा यूटयुबमा अध्ययन गरे। त्यस्ता फलफुलको सूचीमा उनले किवी भेट्टाए। सेक्यूरिटी गार्डको काम गर्दागर्दै उनले न्युजिल्याण्डबाट किवी खेती विस्तार भएको जानकारी लिए। तर, उनलाई त्यो बेला नेपालमा किवी फल्छ भन्ने जानकारीसम्म थिएन।

वैदेशिक रोजगारीका सिलसिलामा राजेश सन् २००३ मा मलेसिया पुगेका थिए। मलेसिया बसाईका क्रममा उनले किवी खेतीका बारेमा सैद्धान्तिक अध्ययन गरे। नेपालको सुलुबुङ (इलाम), दोलखा, गोदावरी लगायतका ठाउँमा किवी खेती भइरहेको भिडियोहरू भेट्टाए। आफ्नो गाउँठाउँको हावापानी सुहाउँदो भएकाले घर फर्केर किवी खेती लगाउने सपना बुनेका थिए। साथीभाईलाई किवी खेती लगाउने योजना सुनाउँदै आएका राजेश सन् २०१३ मा घर फर्के। उसो त उनी सन् २००१ मै मलेसियाको स्टिल फर्निचर उद्योगमा पुगेर तीन वर्ष बताइसकेका थिए।



घर फर्कदा बुबाले तत्कालिन कृषि कार्यालयमार्फत प्राप्त आठ बोट किवी हुर्काइसकेका थिए। केही किवी फल्न पनि थालेको थियो। त्यसले उनको सपनामा उर्जा थप्यो। किवी खेती लगाउने बारेमा थप अध्ययन गर्न गोदावरी पुगे। गोदावरीबाट प्रतिवटा पाँच सयका दरले बोर्न जातको किवीको दुई सय बोट बेर्ना ल्याए। रामेछापबाट आलिसान, हेवार्ड र मन्टी जातको तीन सय बोट बेर्ना ल्याएर बारीमा रोपे। रोपेको दुई वर्षदेखि फाट्टफुट्ट फल दिन थालेको किवीले चार वर्षदेखि प्रशस्त उत्पादन दिन थालेको राजेश बताउँछन्।

### बोलेरोमार्फत काठमाडौं ढुवानी

बाबुबाजेले कज्याएको करिब ६५ रोपनी जग्गा थियो गोगनेमा। ४२ रोपानी जग्गामा एकैसाथ किवीको पाँच सय बोट बिरुवा लगाउँदा परिवारबाटै स्वीकृति थिएन। क्रमशः किवीले आम्दानी दिन थालेपछि परिवार सहमत भए। छरछिमेकमा किवी खेतीको सिको सुरु भयो। सन् २०१७ देखि उनको बगानबाट किवीको फल काठ्माडौं निर्यात हुन थालेको हो। त्यस वर्ष उनले करिब पाँच सय किलो किवी बोलेरो गाडीमार्फत पहिलोपल्ट काठ्माडौं पुऱ्याएका थिए। गत वर्ष बोलेरोमार्फत तीन टन किवी काठ्माडौं पुऱ्याएका थिए। काठ्माडौं निर्यात गर्दा र स्थानीय बजारमा बिक्री गर्दा गत वर्ष करिब तीन लाखको हाराहारीमा आम्दानी भएको राजेश बताउँछन्। प्रायः मंसिर पहिलो हप्ता किवी काठ्माडौं निर्यात गर्ने गरेका छन्।

राजेश किवी खेती लगाउने गाउँपालिकाकै पहिलो किसान हुन्। व्यवसायीक रूपमा किवी लगाएका उनले २०७५ सालमा नमूना अर्गानिक किवी फर्म स्थापना गरेका छन्। हाल उनको बगानमा किवीका चार सय बयस्क बोट छन्। उनले गोल्डेन, एलोजोया, रेड किवी र हार्डी प्रजातिका गरी १२० बोट नयाँ बिरुवा थपेका छन्। केही वर्षपछि ट्रकबाट किवी निर्यात गर्ने राजेशको लक्ष्य छ। 'किवी महंगो खेती हो। सानो पुँजी हुनेले यसको खेती गर्न सक्दैन। तर मेहनत खेर जाँदैन। बजारको समस्या हुन्न,' राजेशले भने, 'बिक्री नभए प्रशोधन गरेर खाद्यवस्तु बनाउन सकिन्छ। वाइन, जुस र रक्सी उत्पादन गरेर आम्दानी लिन सकिन्छ। भण्डारण गर्ने व्यवस्था भए धेरै राम्रो हुन्थ्यो।'

राजेशले २०७५ सालमा बागवाणी केन्द्र फाप्लु, सोलुखुम्बुबाट किवी खेती सम्वन्धी तालिम लिने अवसर पाए। सोही बागवाणी केन्द्रमार्फत किवीको बोट अड्याउने पिलर र तारका लागि ७ लाख अनुदान पाए। सो अनुदानले कुल लगानीको करिब २५ प्रतिशत सहयोग मिलेको उनी बताउँछन्। उनको मेहनत देखेर गाउँपालिकाले २०७४ सालमा ४० हजार अनुदान उपलव्ध गराएको थियो।

७ वडा रहेको गाउँपालिकाभरीमा हाल ४० जनाको हाराहारीमा किवी खेती गर्ने किसान छन्। फर्म नै दर्ता गरेर किवी खेती गर्ने किसानको संख्या पनि ६/७ जना पुगिसकेको छ। बिनोद राई, जिवा शेर्पा लगायतका किसानले किवीबाट लोभलाग्दो आम्दानी लिइरहेका छन्।

# 'खसीबोका कहाँ लगेर बेच्ने भन्ने चिन्ता हटयो'

**हुप्सेकोट–** नवलपरासी (बर्दघाट सुस्तापूर्व) नवलपुरमा रहेको एक सहकारीले दसैंमा मात्रै रु ७० लाख बराबरको खसीबोका बिक्री गरको छ। दसैं सुरु भएयताको समयमा जिल्लाको हुप्सेकोट गाउँपालिका-४, भ्यालबासमा रहेको लेकबेंसी सामाजिक उद्यमी महिला सहकारी संस्थाले रु ७० लाख बराबरको खसीबोका बिक्री गरेको हो।

सहकारीका व्यवस्थापक सुशीला परियारका अनुसार सहकारीले यस वर्ष चार सय ५० खसीबोका बिक्री गरेको छ। किसानबाट खसीबोका संकलन गरी सहकारीले स्थापना गरेको संकलन केन्द्रमार्फत बिक्री गर्दै आएको छ। जिल्लाको पहाडी भेगका किसानले हुर्काएका खसीबोका सहकारीले संकलन गरी बिक्री गरेको हो। जिउँदो तौल प्रणाली अनुसार सहकारीले यस वर्ष खसीबोका प्रतिकेजी रु पाँच सय ३० देखि रु पाँच सय ६० सम्ममा बिक्री गरेको उनले बताइन्।

सहकारीले किसानबाट खसीबोका संकलन गरी बिक्री गर्दा किसानले पनि उचित मूल्य पाउने र किसानलाई बजारीकरणको दुःखसमेत नहुने उनको भनाइ छ। 'अरू खसीबोका किन्न गए मूल्यको ठेगान हुँदैन, हामीले तोकिएको मूल्य र सही तौल मापन गरी लिन्छौं, किसानलाई उचित मूल्य दिन्छौं,' व्यवस्थापक परियारले भनिन्, 'किसानलाई कहाँ बेच्न भन्ने चिन्तासमेत हुँदैन।'

उनका अनुसार अघिल्ला वर्षभन्दा यस पटक खसीबोका निकै कम बिक्री भएको छ। गत वर्ष करिब एक हजार र त्यसअघिको दसैंमा एक हजार सात सय ५५ वटा खसीबोका बिक्री गरेकामा यस वर्ष निकै कम बिक्री भएको छ। अहिले बजारको मन्दी भएर हो वा के कारणले कम मात्रामा माग भएको यसै भन्न नसकिने व्यवस्थापक परियारले बताइन्। कोभिडपछिका असरहरू बजारमा देखिएको हुनसक्ने उनको आंकलन रहेको छ।

सहकारीले विगत ६ वर्षदेखि सामान्य मुनाफा राखी कृक्षकहरूबाट खसीबोका संकलन गरी बिक्री गर्दै आएको छ। जिल्लाको मध्यविन्दु नगरपालिका-१२, तमासपुरमा रहेको अरुणज्योति सामाजिक महिला उद्यमी सहकारी साथै मैनाघाटमा रहेको कृक्षि सहकारीले समेत खसीबोका संकलन तथा बिक्री गरेको छ।

जिल्लामा रहेका सहकारीले कृक्षकबाट खसीबाख्रा खरिद गरी बिक्री गर्दा बजारीकरणमा बाख्रापालक किसानलाई सहजता मिलेको छ। *रासस*

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ